# सिपाही

पाक्षिक

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको
सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्न पछि विशेषत:
अधीनस्थ रही बस्ने साराका सुख खातिर
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैंपछि
यही सेना महामन्त्र यही सत्य सधैँ भरी

वर्ष ५ अङ्क ८ पृष्ठ ८+४+४ (कालीबक्स गण र नेपाल क्याभलरीको अतिरिक्ताङ्कसहित) १५ मङ्सिर २०६६


## सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालद्वारा नेपाली सेनाको ११ वाहिनीको निरीक्षण

सम्माननीय प्रधानमन्त्री श्री माधवकुमार नेपालले यहि मङ्सिर ७ गते काठमाडौंको गौचरस्थित नेपाली सेनाको नं.११ वाहिनी अड्डाको निरीक्षण गर्नुभयो । उक्त अवसरमा सम्माननीय प्रधानमन्त्रीबाट वाहिनीमा भएका हवाई साधनहरुको स्थलगत निरीक्षण गर्नुभई नेपाली सेनाका हवाई साधनहरुको शीघ्र मर्मत सम्भारको लागि उच्चस्तरीय समिति गठन गर्नसमेत निर्देशन भएको छ ।



सो अवसरमा प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले स्वागत मन्तव्य दिनुहुँदै नेपालजस्तो भौगोलिक विकटता भएको देशमा हवाई गतिशीलताको भूमिका निकै महत्वपूर्ण रहेको विचार व्यक्त गर्नु भयो । साथै उहाँले नेपाली सेनाले नियमित सैनिक आवश्यकता पूरा गर्न र विभिन्न प्रकोपहरुमा उद्दार कार्यको लागि हवाई साधनहरुको परिचालन गर्दै आइरहेको र नेपाल सरकारबाट माग भएअनुसार हवाई परिवहन, खाद्यान्न तथा औषधी एवं मेडिकल उपकरणहरुको ढुवानीसमेत गर्दै आइरहेको सम्बन्धमा जानकारी गराउनु भयो ।

सोही क्रममा प्रबन्धरथी उपरथी श्री केशवराज महतले नेपाली सेनाको हवाई सेवासम्बन्धी नीति, व्यवस्थापन, परिचालन र नियन्त्रणका बारेमा जानकारी दिनुभयो । साथै नं.११ वाहिनीपति सहायक रथी श्री रमेश बिष्टले उक्त वाहिनीको काम, कर्तव्य तथा जिम्मेवारीका बारेमा प्रकाश पार्नु भएको थियो ।

भ्रमणको क्रममा माननीय रक्षामन्त्री श्रीमती विद्यादेवी भण्डारी, माननीय अर्थमन्त्री श्री सुरेन्द्र पाण्डेलगायत नेपाल सरकारका उच्च पदस्थ पदाधिकारीहरुकासाथै नेपाली सेनाका रथीवृन्द तथा अधिकृतहरुको सहभागिता रहेको थियो ।

स्मरण रहोस् वि.सं.२०२२ सालमा "एयर बर्न ट्रान्सपोर्ट सपोर्ट विङ्ग" को नामबाट नेपाली सेनामा हवाई युनिटको स्थापना भएको हो । उक्त विङ्गलाई हाल नं.११ वाहिनी अड्डाको नामबाट चिनिन्छ । नेपाल सरकारलाई आवश्यक पर्ने हवाई सेवा उपलब्ध गराउन तथा नेपाली सेनाको आवश्यकता पूरा गर्न प्रयोग हुने सम्पूर्ण सैनिक हवाई साधनहरुको व्यवस्थापन तथा सञ्चालन गर्नु उक्त वाहिनीको मुख्य जिम्मेवारी रहेको छ ।

## स्वदेश फिर्ता

हाल बलाध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएका निरीक्षणाधिकृत उपरथी श्री तोरणजङ्ग बहादुर सिंह यहि मङ्सिर २ गतेदेखि ४ गतेसम्म मित्रराष्ट्र चीनको बेइजिङ्गमा आयोजना भएको High Level Peace Keeping Symposium in Beijing - 2009 मा सहभागी भइ यहि मङ्सिर १२ गते स्वेदश फिर्ता हुनु भएको छ । उहाँलाई भी.भी.आइ.पी. फ्लाइटका चालक सहायक रथी श्री रविचन्द्र शाहले स्वागत गर्नुभएको थियो भने श्री नं. ११ वाहिनीपति चालक सहायक रथी श्री रमेश कुमार विष्टले एक कार्यक्रमकाबीच यहि मङ्सिर २ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा विदाई गर्नु भएको थियो ।



सो Symposium मा उपरथी श्री सिंहले संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा नेपालको सहभागिता तथा नेपालले पुर्‍याइरहेको योगदानको बारेमा सम्बोधन गर्नु भएको थियो । साथै उक्त Symposium मा सहभागी हुन हाल UNMIS मिशनमा फोर्स कमाण्डरका रुपमा कार्यरत उपरथी श्री पवनजङ्ग थापाकासाथै शान्ति सेना सञ्चालन निर्देशनालयका सह-निर्देशक महा सेनानी श्री देवेन्द्र बहादुर मेधासीसमेत सहभागी हुनुहुन्थ्यो ।

## प्रधान सेनापति ट्रफी खेलकुद प्रतियोगिता २०६६ को शुभारम्भ

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले यहि मङ्सिर ८ गते जंगी अड्डा परिसरको खेल मैदानमा एक समारोहकाबीच "प्रधान सेनापति ट्रफी खेलकुद प्रतियोगिता २०६६" को उद्घाटन गर्नुभयो ।



उद्घाटन समारोहमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै प्रधान सेनापति श्री गुरुङ्गले विगत लामो समयदेखि नेपाली सेनाले राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरका खेलाडीहरु उत्पादन गर्दै आइरहेको छ । यस प्रकारको खेलकुद प्रतियोगिताले सेनामा भातृभाव, भाइचारा तथा उच्च मनोवल कायम राख्न ठोस मद्दत पुर्‍याउने विचार व्यक्त गर्नु भयो । साथै उहाँले खेलको स्तर अभिवृद्धि गर्न अत्यावश्यक पर्ने सबै किसिमका भौतिक पूर्वाधार सहितका Physical Training School तथा Sports Complex लगनखेलस्थित ब्यारेकमा निर्माण गर्न लागिएको जानकारी समेत दिनु भएको थियो ।



उद्घाटन समारोहको क्रममा सहभागी सबै खेलाडीहरुले मार्च पाष्ट प्रदर्शन गर्नुका साथै समारोहमा नेपाली मौलिक संस्कृति झल्किने खालका विभिन्न झाँकीहरुको प्रदर्शन गरिएको थियो ।

नेपाली सेनाका ६ वटा पृतना, मद्दती फौज र विशेष फौज गरी जम्मा ८ वटा टीमको सहभागिता रहेको यस प्रतियोगिता फुटबल, भलिबल, बास्केटबल र एथलेटिक्स गरी जम्मा चार बिधामा संचालन भइरहेको छ । यस प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने टीमलाई सेना दिवसको अवसरमा "प्रधान सेनापति ट्रफी" प्रदान गरिने छ ।



उक्त उद्घाटन समारोहमा नेपाली सेनाका पूर्व प्रधान सेनापतिहरु, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीका प्रमुखहरु, नेपाली सेनाका रथीवृन्द एवं अधिकृतहरु, नेपाल सरकारका पदाधिकारीहरु र राष्ट्रिय खेलकुद परिषदका पदाधिकारीहरु तथा सकल दर्जाको उपस्थिति रहेको थियो ।

**प्रबन्ध निर्देशक :** म.से. ताराबहादुर कार्की
**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा
**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला, **सह-सम्पादक :** प्रा. उ.से. निरोज भण्डारी
**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,
**फोन :** ०१-४२४१७३१, **E-mail:-** sipahipatrika@gmail.com
*१५ मङ्सिर २०६६/30th Nov 2009.*

## शाश्वत वाणी

दूधको भारा तिर्न नसक्नेहरु, मायाजालमा अल्झनेहरु, टाढा नदेख्नेहरु र त्रासले केही गर्न नसक्नेहरु वीर हुन सक्दैनन् । **- लक्ष्मीप्रसाद देवकोटा**

अरुले गिज्याएको सहन नसक्ने मानिस वास्तवमा पूर्ण मानिस हुँदैन ।

**- मारिया एडवर्ड**

सम्पादकीय........

## खेलकुद

*खेलकुद मानिसको जीवनको महत्पूर्ण पक्ष हो । खासगरि मानिसको शरीर र दिमाग स्वस्थ राख्न खेलकुदको अहम् भूमिका हुन्छ । यसका साथै नियमित खेल खेल्नाले मानिसका केही अत्यावश्यक क्षमता र गुणहरुको गुणात्मकरुपमा विकास हुन्छ । यिनै सीप र गुणहरुको विकासले सैनिक लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउँने हुँदा नेपाली सेनाले खेललाई नियमित दैनिक कवाजकै रुपमा ग्रहण गर्दै आएको छ । सँधैजसो युद्धकलाको अभ्यास गर्नु जोखिम त छदैछ, यसका अतिरिक्त यो एकोहोरो कार्य प्रणाली पनि हो, जसले थकान र मानसिक दवाव पारिराखेको हुन्छ । एक छिन मात्र भएपनि खेलकुद खेल्नाले युद्ध अभ्यासको थकान र मानसिक तनावलाई निक्कै घटाई दिन्छ जसको परिणामले सैनिकको मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सहयोग गर्दछ । त्यसैले सकभर खेल हेर्ने मात्र होइन, खेल्नु नै बुद्धिमानी हुन्छ ।*

*एउटा सैनिक योद्धाको लक्ष्य आफ्नो मातृभूमिको रक्षा गर्नु हो । आफ्नो राष्ट्रको विरुद्ध आइलाग्ने शत्रुलाई पराजय गरी विजय हासिल गर्नु उसको सर्वोपरि उद्देश्य हो । अतः सदैव बहादुर योद्धाले समानान्तररुपमा कमजोर र असहायको पनि रक्षा गर्दै आफ्नो दिल, दिमाग र शरीरलाई विजयउन्मुख बनाउन निष्ठापूर्वक र बडो धैर्यपूर्वक प्रशिक्षित तुल्याउनु पर्दछ, तब मात्र उसले परेको बेलामा हिरा फोर्न सक्दछ । यही लक्ष्य र प्रशिक्षणको एउटा हिस्सा खेलकुदले परिपूर्ति गर्दछ । जसरी लडाइँमा विजयको अपेक्षा गरिन्छ त्यसैगरी खेलले प्रतिष्पर्धी र विजयी हुन सिकाउँदछ । साथसाथै सामूहिक भावनाको विकास, निष्पक्षता, भाइचारा र उच्च मनोबल कायम गर्न पनि त्यतिकै रुपमा खेलले सहयोग गर्दछ । यिनै बहुउपयोगी गुणहरुले गर्दा नेपाली सेनाले खेललाई विशेष प्राथमिकता दिदै आएको छ । एक जमाना यस्तो थियो, नेपाली सेनाका खेलाडीहरु नै राष्ट्रिय खेलाडी थिए । राष्ट्रको प्रतिनिधित्व गर्दै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा नेपालको नाम चिनाए र नाम राखे पनि । कहिल्यै खेल नखेलेको एउटा गाउँले ठिटोलाई खेल सिकाएर अन्तर्राष्ट्रिय जगत्को प्रतिष्पर्धामा उतार्नु कम चुनौतीको कुरा थिएन । त्यो चुनौतीलाई स्वीकार्दै नेपाली सेनाका खेलाडीहरुले अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको ध्वजा फहराए । आज राष्ट्रमा गैरसैनिक क्षेत्रबाट खेलाडीहरुको उत्पादन भइरहेको अवस्थामा पनि नेपाली सेनाका खेलाडीहरुले नै कतिपय ईभेण्टमा आफ्नो बर्चस्व कायम गरी राष्ट्रको कीर्ति फैलाइरहेका छन् । यिनै कुराहरुलाई दृष्टिगत गरी विगत द्वन्द्वको समयमा आएको न्यूनतालाई परिपूर्ति गर्दै राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय खेलाडीहरु उत्पादन गरी राष्ट्रको श्रीवृद्धि गर्ने उद्देश्यले गत सालबाट प्रधान सेनापति ट्रफी प्रारम्भ भएको हो । खेलको स्तरलाई अभिवृद्धि गर्न ललितपुर जिल्लाको लगनखेल इलाकामा अत्यावश्यक सबै किसिमका भौतिक पूर्वाधारहरुसहितको Physical Training School तथा Sport Complex को निर्माण गरिने जानकारी यही मङ्सिर ८ गतेबाट शुरु भएको दोस्रो प्रधान सेनापति ट्रफी उद्घाटन समारोहमा प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरूङ्गले जानकारी गराउनु भएबाट आगामी दिनमा खेलक्षेत्रबाट सैनिक लक्ष्य र राष्ट्रिय लक्ष्य हासिल हुने कुरामा दुइमत नहोला । यसका साथै उद्घाटन समारोहको अर्को रोचक पक्ष नेपालको प्रमूख जातीय र सांस्कृतिक पक्ष झल्कने झाँकीहरुको प्रदर्शन रह्यो । यस प्रदर्शनले नेपाली सेना समावेसी र सु-संस्कृत (Cultured) रहेको कुराको उजागर भएको छ जसले राष्ट्रिय सेनाको मर्म र सुदूर भविश्य सुस्पष्ट भएको "सिपाही" को ठम्याइ छ ।*

## तपाईंको आई.क्यू.

1. If A is to the South of B&C is to the East of B, in what direction is A with respect to C ?
2. In a Ram's house there are Cat & men. They have a 15 head and 50 feet. How many cats there ?
3. What is the value of M ?

| | | | | | |
|---|---|---|---|---|---|
| 18 | 5 | | 34 | 1 | |
| 8 | | 12 | 16 | | 4 |
| 3 | | 26 | 7 | | M |

4. Insert the word that completes the first word and starts the second. EN(............) ST

Answers-- 1. a) South-West 2. c) 10 3. 10 4. TRY

# खतरनाक रोगः दम

तपाईँको स्वास्थ्य

जाडोको समयमा जुनसुकै उमेरका मानिसमा श्वास प्रश्वाससम्बन्धी समस्या बढी मात्रामा देखिने गर्छ सास नफेरी चार मिनेटभन्दा बढी बाँच्न नसकिने भएकाले श्वास-प्रश्वास सम्बन्धी रोग निकै संवेदनशील र खतरायुक्त मानिन्छ । नेपालमा श्वासप्रश्वाससम्बन्धी रोगमा दमको समस्या गम्भीर रुपमा पाइएको छ ।

### दम के हो ?

श्वासप्रश्वासमा कष्ट दिने विभिन्न रोगहरु दम अन्तर्गत आउँछन् । उर्जा एवं शक्तिका लागि अक्सिजन आवश्यक पर्छ । नाकबाट लिने प्राणवायु अक्सिजन स्वरयन्त्र हुँदै श्वासनलीमा पुग्छ र अन्तमा वक्षस्थित देब्रे र दाहिने दुई फोक्सोमा प्रवेश गर्छ । त्यसपछि फोक्सोमा विभिन्न शाखा प्रशाखामा जालको रुपमा विभक्त हुन्छन् जसलाई एलभोली (Alveoli) भनिन्छ । यी श्वासमार्गका अवयहरुमा हुने अनैच्छिक पेशी (Involuntary muscle) मा जब ऐंठन हुन जान्छ, तब वायु मार्ग सङकुचित हुन पुग्छ र निर्वाधरुपमा श्वासप्रश्वास क्रिया हुन पाउँदैन । यसैलाई दम रोगले चिनिन्छ ।

### दमको प्रमुख कारणः

एलर्जी दमको प्रमुख कारण मानिन्छ । जुन वस्तुले शरीरमा एलर्जी उत्पन्न गराउँछ, त्यसलाई एदर्जेन भनिन्छ । यस्ता बस्तुमा धुँवा,धूलो, वातावरणीय प्रदुषण अत्यधिक व्यायाम आदि पर्छन् । धुमपान दमको प्रमुख कारण हो । मध्यपान एवम् सूर्तिजन्य पदार्थले दमका कारणमा विशेष भूमिका ओगटेको हुन्छ । कुनै व्यक्तिमा माछा,मासु, अण्डा, दूध, मुंगको दाल,मटर, आइसक्रिम, सर्वत जस्ता वस्तुले पनि एलर्जी उत्पादन गरी दम रोग बढाउन सक्छ । केही व्यक्तिमा दुखाइ कम गर्ने औषधि एस्प्रिनको प्रयोगले पनि दम बढ्न गएको पाइएको छ । भिन्न भिन्न व्यक्तिमा भिन्न भिन्न वस्तुको एलर्जी हुने गरेको पाइन्छ । समान वस्तुले सबै व्यक्तिमा एलर्जी उत्पन्न नगराउन पनि सक्छ । वंशानुगत कारणले गर्दा पनि एलर्जी हुनसक्ने अध्ययनबाट पुष्टि भइसकेको छ । एलर्जी विशेषगरी अङ्ग विशेषमा हुने गर्छ । जब श्वासप्रश्वासका अङ्गहरुमा एलर्जी हुन्छ तब दम बढ्न जान्छ । यसबाहेक मानसिक तनावको कारणले पनि दममा अप्रत्यक्ष सहयोग पुऱ्याइराखेको हुन्छ । श्वासप्रश्वासका रोगहरु रुघा खोकीलाई समयमा उपचार नगरेपछि श्वासमार्गमा सुजन उत्पन्न हुनगई दमको रुपधारण गर्छ । किटाणुहरुको सङ्क्रमणको कारणले पनि श्वासप्रश्वास मार्ग साँघुरो हुन गई दम हुन सक्छ ।

### दमका लक्षण

यसका लक्षणहरुमा सुख्खा खोकी हुने,छाती कसिने हुन्छ । श्वास फेर्दा अप्ठ्यारो एवम् सिठी बजे जस्तो आवाज आउँछ । नाडीको गति बढेको (सामान्य ७०-८० प्रति मिनेट) श्वास गति बढेका (सामान्य १६-१८ प्रति मिनेट) पाइन्छ । जीउ नीलो हुने, शरीरका हात खुट्टा, अनुहार सुन्निएको पाउन सकिन्छ । डाक्टरले स्टेथेस्कोप लगाइ जाँच गर्दा छातीमा आवाजयुक्त स्वर (Rhonchi) पाइन्छ । दमका रागी मुख्यतया दुई अवस्थाका हुन्छन् । तीव्र एवम जीर्ण रोगी । जीर्ण रोगीमा उल्लेखित लक्षणहरु पाइन्छन् । केही जिर्ण एवम् अन्य दमका रोगीमा अचानक दमले गम्भीर आक्रमण गरेको पनि पाइएको छ तापनि यतिवेला रोगी वेहोश जस्तै हुन्छ । सामान्य भाषामा यसलाई दमको दौरावस्था भनिन्छ । दौराको अवस्थामा (Asthmatic attack) रोगीलाई श्वास लिन एकदमै कठीनाइ हुन्छ । आँखा राता एवम् आँशु झरिरहन्छन् । यस तीव्र अवस्थामा रोगी मृत्युसँग सङ्घर्ष गरिरहेको प्रतीत हुन्छ । गर्धन एवम् घाँटीका नशाहरु फुल्छन् । शरीरमा अत्याधिक पसिना आउँछ । यस्ता रोगीहरुले निकै सचेत हुनुपर्छ । औषधी छुटाउनु हुदैन र तत्काल उपचार गराउनु पर्छ । दौराको अवस्थामा छिटो काम गर्ने खालका स्टेरोवाइडहरु प्रयोग गरिन्छन् ।

### निदानः

दमको एकिन निदान गर्न लक्षणहरुका अतिरिक्त अन्य परीक्षणहरु पनि गर्न सकिन्छ । जुन निम्न छन् । थुक परीक्षण,मल परीक्षण, रक्त परीक्षण, एक्स रे, इ.सी.जी. फोक्सोको श्वासप्रश्वास क्षमता एलर्जी टेस्ट र नेजल स्मियर आदि ।

यी माथी लेखिएका परीक्षणबाट दम हो होइन वा अन्य कुनै रोगले दमसँग मिल्दोजुल्दो लक्षण उत्पन्न गरेको हो सो पत्ता लगाउन सकिन्छ ।

### रोकथामः

दम आफैमा निकै कष्टकारी रोग हो । यसको समयमा उपचार नगरे अन्य उपद्रव देखिन जान्छन् । वोङ्काइटिस, एम्फाइजिमा टी.बी.निमोनिया, हृदय रोग एवम् अन्य रोगहरु दमको समयमा उपचार नगर्दा एवम् सावधानी नअपनाउँदा हुन जान्छन् । दमको मूल कारण एलर्जी भएकाले रोगीले सधैं त्यस्ता बस्तुबाट बच्नुपर्दछ । अचेल एलर्जी पत्तालगाउने नवीन उपाय पनि आविष्कार भएकाले रोगीले यसतर्फ ध्यान दिई आफूलाई हुने एलर्जीबाट टाढै रहन पर्छ । धूमपान एवम् मद्यपान दम रोगीमा बहुतै हानिकारक मानिन्छन् यस्तो अम्मल भएमा रोगीले अम्मल त्याग्नु पर्छ । श्वासप्रश्वासका सामान्य रोगी भएमा सावधानी अपनाई तुरुन्त उपचार गर्नुपर्छ । दम रोगीले सधैं हल्का भोजन गर्नुपर्छ । बेलुका सूर्यास्त पूर्व पथ्यपूर्वक हल्का भोजन गर्नुपर्छ । बेलुका भरपेट खाएर सुत्दा दमको दौरा रातमा आउने सम्भावना बढी हुन्छ । त्यैसैले दम रोगीले सधैं आहाराप्रति सचेत हुनुपर्छ । विहान दुधको साथ हल्का भोजन गर्न सकिन्छ तर दुध र भात दम रोगीलाई उचित मानिदैन । दम रोगीले पौष्टिक पदार्थका अतिरिक्त प्रशस्त मात्रामा मनतातो पानी पिउनुपर्छ, जसले गर्दा श्वास मार्ग सुख्खा हुन पाउँदैन । दमका रोगीले मानसिक इच्छा शक्तिलाई सधैं दृढ बनाउनु पर्छ । दृढ शक्ति इच्छाको प्रभाव औषधीभन्दा बढी हुन्छ ।

(साभारः डा भूवन पौडेल)

## नेपालको सैनिक इतिहास

अधिल्लो अङ्कबाट बाँकी क्रमश:

यक्षमल्लले यसको निर्माण कार्य सम्पन्न भएपछि सुरक्षाको अभिभारा सिम्रौनगढमा झै राजदरवारमा केन्द्रित गरेका थिएनन् । उनले भक्तपुर शहरलाई एउटा गढको स्वरुप प्रदान गरी गढाको पर्खालदेखि गढका वरिपरि खनिएका खाडलको सम्पूर्ण रेखदेख एवं मर्मत कार्य गर्ने जिम्मेवारी स्थानीय जनताहरुलाई नै सुम्पेका थिए । यस सम्बन्धमा सन् १४५३ को अभिलेखमा यक्षमल्लले स्पष्ट रुपमा गढको पर्खाल, किल्ला, ढोका र खाडलको रेखदेख र मर्मतबारे नीति निर्धारण गरेको पाइन्छ ।

यक्षमल्लको मृत्युपछि उनका छोराहरुका पालामा नेपाल उपत्यका तीन राज्यमा विभाजित हुन गएपछि काठमाण्डौ र पाटनका राजाहरुले पनि आ-आफ्ना राजधानीलाई गढका रुपमा परिणत गरेका थिए । एउटा शहरलाई नै गढको रुप कसरी दिइन्थ्यो भन्ने कुरा कुनु शर्माको "कीर्तिपताका" बाट अझ वढी स्पष्ट हुन्छ । उनले ललितपुर शहरको वर्णन यसरी गरेका छन् :- "नेपाल भु-मण्डल भित्र ललितपुर भन्ने शहर छ । खाइ, इंटका पर्खाल २६ टोलले ललितपुर सुहाइ रहेछ । खाइका रुख ।। खाइको घेराको छेउ-छेउमा अग्ला-अग्ला, राम्रा घ्याम्म परेका रुखहरु छन् ।

खाइ ।। अग्ला रुखहरु र लहराहरुका पातका बाक्ला छायाले छोपिएको खाई पाताल जस्तै अँध्यारो भै रहेको छ ।

पर्खाल ।। चुचुरो चुचुरो परेका, अग्ला-अग्ला पर्खाल... तीनै लोकलाई नाश पार्न सक्ने, ठूलठूला पहाडमा पनि बेरोकटोक जान सक्ने, वेगले आएका वाणहरु पनि..डरले गति रोकिएको छेडा पर्खाल नाघेर भित्र पस्न सक्दैनन् ।

देशक्वाथ ।। पर्खालमा रहेका लडाइका लागिको अग्लो बुर्जामा बसेका राजाको त के कुरा गरौं । जुन किल्लाको अग्लो टुप्पोमा चढ्दा खेरि प्रतापका ज्वाला सहन नसकी...यी त सुमेरु नै हुन् भन्ने संझी पानी पार्ने...निहुँले रायो ।

ढोका ।। शहर बाहिरका ढोकाहरुमा राम्रा, बलिया खापाहरु लाइएका छन् । यी ढोकाबाट सज्जनहरु सजिलै संग प्रवेश गर्न र शहरमा बस्न पनि पाउँछन्,खर ाब मानिसहरु...निकालिन्छन् ।

यसरी काठमाडौं राज्यलाई पनि तत्कालीन शासकहरुले एउटा गढको रुपमा परिणत गरेका थिए । काठमाडौं उपत्यकाका तीनै मल्लर ाज्यहरुमाथि पृथ्वीनारायण शाहद्वारा विजय गर ेको लगभग ८ दशकपछि काठमाडौं आएका अल्पफिल्डले समेत मध्यकालीन किल्लाहरुबारे चर्चा गरेको पाइएबाट ती किल्लाहरु मजबूत रहेको अनुमान गर्न सकिन्छ । यस्ता गढ, किल्ला आदि निर्माण गर्ने र तिनको मर्मत गर्ने कार्य देशरक्षाको कामभएकाले मध्यकालीन राजाहरुले प्रजाहरुलाई अनिवार्य रुपले त्यस्ता कामहरु गर्न लाउँदथे भन्ने कुरा भक्तपुरमा यक्षमल्लको माथि उल्लेख गरिएको अभिलेखले पुष्टि गर्दछ । ललितपुरका राजा श्रीनिवास मल्लको सन् १६७२ मा मच्छिन्द्रनाथ मन्दिरको संवत्सरलोहोमा देश-रक्षाको साझा काममा प्रजाहरुलाई अनिवार्य रुपमा काम गर्न लगाइयो भने ज्यादती गरेको ठहर्देन भनेर परम्परागत राष्ट्रिय कर्तव्य पूरा नगर्ने व्यक्तिहरुमाथि कारवाही गरी सजाय दिनु राजाको कर्तव्य हुन आउँदछ भनेर उल्लेख गरिएको पाइन्छ । नेपाल उपत्यकाका मल्ल राज्यहरु मात्र होइन बाइसी-चौबीसी राज्यहरुले पनि आफ्ना राजधानीहरु सुरक्षित गर्न मध्यकालमा काठमाडौं उपत्यकाका मल्ल राजाहरुले आफ्ना

***बाँकी अर्को अङ्कमा ....***

## तपाईंको राशिफल

**मङ्सिर १५ देखि पुष १ गतेसम्म**



*मू.पं.सु शिव शंकर न्यौपाने*

**मेष: (चु चे चो ला ली लू ले लो अ)**-सामान्य समय छ, काम बन्नेछन् । रक्त या नशा सम्बन्धी पीडा हुनसक्छ । उत्तर ार्धतिर नयाँ जोश आउने छ शुरुमा रकम खर्च हुने सम्भावना छ । अनावश्यक कार्यप्रति रुचि जाला । पारिवारिक सुखभोगमा कमि आउने छ । जग्गा जमिन तथा आर्थिक कारोवारले नयाँ रुप लिने छ । शत्रु पराजित हुनेछन् । कुनै अप्रिय समाचारले मन खिन्न हुनसक्छ । सामाजिक पद प्रतिष्ठा प्राप्त होला, बढुवा तथा स्थानान्तरणको सम्भावना छ । यात्रा तथा मिष्ठान भोजन प्राप्त होला । सन्तान लाभको योग छ ।

वृष **(इ, उ ए ओ वा वी वु वे बो)**:- धन खर्च हुने योग छ । फाइदा हुने खालका नयाँ कामको अवसर आउने छ । मान्यजनसँगको सम्पर्कले महत्वपूर्ण काम सम्पन्न होला । सरकारी धन लाभ हुने योग छ । महत्वपूर्ण कामको जिम्मेवारी आउने छ । परिवारको स्वास्थ्यमा खराबी होला । परिवारको स्वास्थ्योपचारमा सहभागी बन्नुपर्ला । सन्तान तथा आफन्तहरुबाट विश्वासघात हुनसक्छ । विवाह तथा प्रेमविनोदको प्रसङ्ग चल्ने छ । भोगका सामान किनमेल हुनेछ । आर्थिक लगानी गर्ने क्षेत्रमा संयमता अपनाउँनु होला । शारीरिक तथा मानसिक परिश्रम गर्नु लाभदायक होला ।

**मिथुन (का की कु घ ङ छ के को हा)**:-शरीरले आरोग्यता प्राप्त गर्नेछ । खेलकुद तथा अन्य शारीरिक सक्रियताका काम सम्पन्न हुनेछन् । रिसलाई नियन्त्रण गर्नुहोला । राम्रो कामको लागि पैसा खर्च हुनेछ । जागिरबाट लाभ हुनेछ । बोल्दा ध्यान दिनु होला । बढी खर्च हुन सक्छ । खानपिनका परिकार प्राप्त हुने समय छ । विरोधीहरुले खासै बिर्गान सक्ने छैनन् । नयाँ कामको अवसरलाई सदुपयोग गर्न जान्नु होला, कुनै अप्रिय समाचार सुन्नु पर्ला । एउटा न एउटा डरले दुख देला । आर्थिक संचयको लागि पहल हुनेछ ।

**कर्कट (ही हू हे हो डा डी डू डे डो)**:-ठीकैको समय छ । नयाँ कामको लागि प्रस्ताव आउने छ । सरकारी जागिरबाट राम्रै उपलब्धि हात लाग्ला । तपाईंका कामको अरुले पनि प्रशंसा गर्नेछन् । बोलीको प्रभाव रहने छ । २१/२२ तिर सामाजिक साँस्कृतिक कार्यक्रममा सहभागी बन्नु पर्ला । पराक्रम वृद्धि हुने खालका काम गर्ने तिर मन जानेछ । मुद्दामामिला तथा सानातिना समस्याबाट सजिलै पार हुन सकिने छ । शारीरिक दु:खले मानसिक सुखानुभव गराउनेछ । नपत्याएका ठाउँबाट धनलाभको अवसर आउने छ । सानोतिनो समस्या आउने छ, तापनि मान्यजनबाट उचित पुरस्कार तथा सम्मान आदि प्राप्त होला ।

**सिंह (मा मी मु मे मो टा टी टु टे)**:-राम्रो समय आएको छ । केही प्रगतिको लागि आवश्यक कार्य सम्पन्न हुनेछ । मानसिक चञ्चलता आउने समय छ । अनावश्यक कामको अपजश आउन सक्छ । बोल्दा बडो संयमता अपनाउनु होला । यात्राको समय छ, यात्राबाटै आर्थिक लाभको अवसर आउने छ । जागिरको सिलसिलामा महत्वपूर्ण ठाउँको यात्रा हुनेछ । अर्थलाभको समय आउने छ । सन्तान सुख मिल्नेछ । परिवारिक सुख सुविधामा वृद्धि हुनेछ । विभिन्न कामको चटारोबाट छुटकारा पाउन कठिन हुनेछ ।

**कन्या (टो, प, पी, पु ष, ण, ठ, पे, पो)** :-प्रगतिको समय आएको छ । यतिबेला तपाईं आफ्नो इच्छाले भन्दा अरुको लागि केही गरिदिनु पर्ने अवस्था छ । वर्चस्व खोज्नुभन्दा कामबाट अरुलाई प्रभावित पार्न सकिने छ । आफूले गरेका कामप्रति सन्तोष लिने समय आइसकेको छैन । यज्ञ-यात्रा एवं भेटघाटको समय छ । सामाजिक पदप्रतिष्ठा प्राप्त हुने बलियो सम्भावना छ । सरकारी सेवाबाटै महत्वपूर्ण उपलब्धि हासिल हुने सम्भावना छ । पारिवारिक सुखबाट टाढा हुने बेला छ । पढाइ लेखाइ तथा अन्य वौद्धिक सिर्जनात्मक काम गर्ने अनुकुल वातावरण आउला ।

**तुला (र, री, रु, रे, रो, ता, ती, तू, ते)**:-व्यवाहारिक समय आएको छ । सामाजिक धार्मिक कार्यक्रमम सहभागी बन्नु पर्ने समय आएको छ । कुनै अप्रिय समाचारले मानसिक तनाव आउन सक्छ । सामाजिक मान प्रतिष्ठा प्राप्त हुने बलियो सम्भावना छ । शत्रु पराजित हुनेछन् । नयाँ काम गर्ने वातावरण बन्नेछ । मोटर पशुपंक्षी आदि उपयोगी वस्तु हात पर्ने देखिन्छ । इष्टमित्र तथा आफन्तहरुबाट यथेष्ट सहयोग प्राप्त हुनेछ । व्यवहारिक कठिनाइबाट सजिलै छुटकारा पाउन सकिनेछ । उपयुक्त ठाउँमा सरुवा हुने र आर्थिक लाभ हुने विभिन्न किसिमका उपाय आउनेछन् । मनमा उर्जा थपिने छ ।

**वृश्चिक (तो ना नी न ने नो या यी यु)**:-मध्यम खालको समय छ । आर्थिक तथा समाजिक पक्ष बलिया हुँदै जानेछन् । योजनावद्ध रुपमा गरिने कामबाटभन्दा अचानक गरिने कामबाट राम्रो प्रगति होला । शारीरिक सुन्दरतामा वृद्धि होला । सामाजिक सद्भाव वृद्धि होला । सानोतिनो चोटपटक लाग्न सक्ने, डर हुने अवस्था सिर्जना होला । इष्टमित्रहरुबाट आत्मबल बढाउने खालको काम हुनेछ । प्रेम तथा सन्तान पक्षबाट मानसिक सन्तोष मिल्नेछ । धार्मिक तथा सामाजिक यज्ञ यात्रामा सहभागी हुनु पर्ने सत्यको मार्गबाट धन आर्जन हुने समय आएको छ । धार्मिक कार्यमा मन जानेछ ।

**धनु (ये यो भा भी भू ध फा ढा भे)**:-उपयुक्त समय छ । धन लाभका विभिन्न अवसर आउने छन् । सामाजिक मान प्रतिष्ठा मिल्ने समय छ । त्यसो त आफन्तहरुसँग पनि भनाभनको अवस्था नआउला भन्न सकिन्न । हरेक काम गर्दा सोच विचार गरेर मात्रै अगाडि बढ्नु लाभदायक हुनेछ । नयाँ र शुभ-समाचार सुन्न पाइनेछ । यात्रालाई नकार्न सकिने अवस्था छैन । खानपिन तथा भेटघाटमा समय बित्ला । वौद्धिक क्षेत्रको काम गर्ने अनुकुल वातावरण आउने छ । आँखा, शिर सम्बन्धी सामान्य पीडा हुनसक्छ । परिवार सँगको सम्बन्ध त्यति राम्रो नहोला । माया ममतामा केही कमि आउन सक्छ ।

**मकर (भो जा जी खी खु खे खो गा गी)**:-भाग्योदयको समय आएको छ । आफ्नो क्षमताले भ्याएसम्म आफ्नो कदम पछाडि नफर्काउनु होला । समाज संस्थाको विश्वासपात्र बन्ने समय छ । जग्गा जमिन तथा घर व्यवहारिक समस्या आउन सक्छन् । शत्रुले सामान्य दु:ख दिएपनि जित तपाईंको नै हुनेछ । अरुको कुरोलाई सजिलै विश्वास नगर्नु होला । परिवारको तर्फबाट लक्ष्य साधनमा सहयोग मिल्ने छ । आर्थिक लाभ राम्रै होला । नयाँ कामको जिम्मेवारी आउने छ । विलासिताका सामान किनमेल हुने समय छ । अन्त्यतिर भोजभतेर एंव सामाजिक कार्यमा सहभागी बन्नु पर्ला ।

**कुम्भ (गु गे गो सा सी सु से सो दा)**:-उपलब्धिमुलक समय आएको छ । सामाजिक सद्भाव मिल्ने छ । शारीरिक तथा मानसिक झंझट पनि आइलाग्न सक्छ । खेलकुद तथा शारीरिक प्रतिस्पर्धामा राम्रो सफलता हात लाग्नेछ । विरोधीहरु परास्त हुनेछन् । नयाँ कामको लागि अनुकुल वातावरण आउने छ । कुनै अशुभ समाचार आउने छ । सरकारी जागिर बाट महत्वपूर्ण स्थान हात लाग्ने छ । विपरीतलिङ्गीप्रति आकर्षण बढ्ने छ । स्त्रीजातिको माध्यमबाट ठूलै काम सम्पन्न होला । मातृपक्षको ममता सदा सर्वदा मिल्ने छ । आर्थिक तथा व्यवहारिक पक्षमा राम्रो प्रगति गर्न सकिने छ ।

**मीन (दी दु थ झ ञ दे दो चा ची)**:- मिश्रित फल मिल्ने समय छ । परिवारबाट सोचेअनुरुप सहयोग नमिल्ला । आफन्तबाट टाढा बस्नु पर्ने अवस्था छ । व्यवहारिक तथा प्राविधिक शिक्षातर्फ रुचि बढ्ने छ । कुनै अशुभ समाचार सुन्नुपर्ला । पुर्वार्धको तुलनामा उत्तरार्ध केही सफल हुनेछ । व्यवहारिक झंझट आइ लागेपनि आफै पार लाग्नेछ । राम्रो कामको योजना बन्नेछ । वौद्धिक क्षेत्रमा लगानी गर्ने समय आएको छ । सरकारको प्रतिनिधित्व गर्दै महत्वपूर्ण ठाउँको यात्रा हुने संभावना छ । जग्गा जमिन तथा भवन निर्माण गर्ने मानसिक तनावबाट मुक्त रहने प्रयास गर्नुहोला ।

## विविध तालिम

मध्य पृतना हे.क्वा.को आफ्नै स्रोत र साधनद्वारा सञ्चालित सि.स. १ स्नाइपर, सि.सं. १ ड्राईभिङ्ग तथा मेन्टिनेन्स, सि.सं. १ शिक्षक रेफ्रेसर, सि.सं. १ ड्रिल तालिमको पृतनापति उपरथी श्री नेत्रबहादुर थापाले प्रथम प्रवचन दिनुभयो ।

काठमाण्डौंको छाउनीस्थित श्री सैनिक वन्दोवस्ती शिक्षालयमा सञ्चालन भएको सि.सं. ६ लेखा तथा जिन्सी तालिमको श्री सैनिक आर्थिक प्रशासन विभागका लेखा सहायक रथी श्री अमिर बिष्टले एक समारोहकावीच प्रथम प्रवचन दिनुभई तालिम शुभारम्भ गर्नु भएको छ । उक्त तालिममा ४० जना शिक्षार्थीहरु सहभागी रहेका छन् ।

नं. ७ वाहिनी अडडाअन्तर्गत श्री सर्वेश्वर गण (नं. ७ सिग्नल गुल्म) मा सञ्चालन भएको सि.सं. २१ आर्मीस्तर रेजिमेन्टल सिग्नल तालिमको यही मङ्सिर १ गते नं. ७ वाहिनीपति सहायक र थी श्री राजेन्द्र विक्रम शाले एक कार्यक्रमका बीच प्रथम प्रवचन दिनुभयो । सो तालिममा ४१ जना शिक्षार्थीहरुको सहभागीता रहेको छ ।

गौचरस्थित श्री ईन्जिनियर तालिम शिक्षालयमा सञ्चालन भएको सि.सं १६ ई.ओ.वी.सी.तालिमको यही मङ्सिर ५ गते सो शिक्षालयका निर्देशक महासेनानी श्री रमेश पुनले एक कार्यक्रमकाबीच प्रथम प्रवचन दिनु भयो । सो तालिममा १६ जना शिक्षार्थीहरु समावेश छन् ।

यसैगरी जङ्गी अड्डास्थित श्री कम्प्युटर महाशाखामा सञ्चालन भएको सि.सं ५६ कम्प्युटर आधार तालिमको यही मङ्सिर १ गते सो महाशाखाका महाशाखा प्रमुख प्राविधिक महासेनानी श्री कुमार डंगोलले एक कार्यक्रमकाबीच प्रथम प्रवचन दिनुभयो ।

नगरकोटस्थित सैनिक शिक्षालयमा सञ्चालन भएको सि.सं ४३ युवक अधिकृत तालिम (पी.सी.बी.सी.) खण्डको यही मंसीर २ गते सो शिक्षालयका शिक्षाधिकृत महासेनानी श्री देव कुमार सुवेदीले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन गर्नुभई तालिम समापन गर्नुभयो ।

श्री भगवतीदल गणमा सञ्चालन भएको सि.सं ३८ एम.एम.जी तालिमको यही मङ्सिर १ गते सो गणका गणपति प्रमुख सेनानी श्री सुजनबहादुर सिजापतिले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन दिनुभइ तालिमको समापन गर्नुभयो । उक्त तालिममा ४० जना शिक्षार्थीहरु सहभागी थिए ।

यही मङ्सिर ५ गते श्री कालीबक्स गण (ई) अन्तर्गत विद्युत प्राधिकरण सुरक्षा गुल्म, दुहवीमा सञ्चालन भएको सि.सं. ६२ ईलेक्ट्रिसियन ग्रेड ४ तालिमको सोही गणका गणपति प्रमुख सेनानी श्री विनोद खरेलले एक समारोहकाबीच अन्तिम प्रवचन दिनुभइ समापन गर्नु भयो । उक्त तालिममा ४० जना शिक्षार्थीहरु सहभागी रहेका छन् ।

# वार्षिकोत्सव सम्पन्न

## नं. २१ वाहिनी अड्डा:


निमित पृतनापति स.र. श्री राज राणा गीति एल्वम विमोचन गर्नुहुँदै

नेपाली सेनाको एक अञ्चल एक वाहिनीको अवधारणाअनुरुप वि.सं. २०६१ सालमा स्थापना भएको श्री नं. २१ वाहिनी अड्डाले यही मङ्सिर १ गते आफ्नो स्थापनाको छैठौं वार्षिकोत्सव भव्यताका साथ मनाएको छ ।

वार्षिकोत्सवकै अवसरमा मङ्सिर १ गते सहायक वाहिनीपति महासेनानी श्री प्रदिप कुमार अधिकारीले विधिवतरुपमा पूजा अर्चना गर्नुभई क्वाटर गार्डको झण्डोत्तोलन गर्नुभएको थियो । यसैगरी मङ्सिर २ गते सकल दर्जाका परिवारजनलाई आमन्त्रण गरी मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रर्दशन र विभिन्न खेलहरुको आयोजनासमेत गरी विजयी खेलाडीहरुलाई सहायक बाहिनीपति महासेनानी श्री अधिकारीले पुरस्कृत गर्नुभएको थियो ।

यसैगरी वार्षकोत्सव मनाउने क्रममा मङ्सिर ३ गते आयोजित सांस्कृतिक साँझको एक विशेष कार्यक्रमकासाथ हाल पूर्वी पृतानाका निमित्त पृतनापतिको समेत कार्यभार सम्हाल्नु भएका सहायक रथी श्री राज राणाले जबरजंगमा कार्यरत जम कैलाश वि.क., अम. गोपिराज राई र प्यूठ केशव कार्कीले आफ्नै स्वर, रचना, संगीत तथा लगानीमा निकालेको गीति एल्बम 'वान वे' को विमोचन गर्नु भयो । सो दिन आयोजित सांस्कृतिक साँझमा जिल्लास्थित कार्यालय प्रमुखहरुकोसमेत उपस्थिति रहेको थियो ।

## नं. २२ वाहिनी अड्डा

श्री नं २२ वाहिनी अड्डाको छैठौ बार्षिक उत्सवको उपलक्ष्यमा आयोजना गरिएको विभिन्न खेलकुदहरुमध्ये फुटबल, भलिबल, बास्केटबल, तानडोरी, पाजु लडाउने तथा टेनिस खेलमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई सोही वाहिनी अड्डाका वाहिनीपति सहायक रथी श्री विजय विक्रम खड्काले एक कार्यक्रमकाबीच शिल्ड तथा पुरस्कार प्रदान गर्नुभयो ।

## नं २३ वाहिनी अड्डा

नं २३ वाहिनी अड्डाले आफ्नो स्थापनाको ५ औं वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न खेलकुद कार्यक्रमहरुको आयोजना गरी मनाएको छ । यही कार्तिक ८ गते बाहिनीपति सहायक रथी श्री विनोज बस्न्यातले सो वाहिनी तथा अन्तर्गत गण/ गुल्महरु बीचको खेलकुद प्रतियोगिताको शभारम्भ गर्नु भएको थियो । सो खेलकुद प्रतियोगितामा फुटवलतर्फ श्री वीरदल गण प्रथम र श्री बज्रदल गण द्वितीय, भलिबलतर्फ श्री दुर्गादल गुल्म प्रथम र श्री बज्रदल गण द्वितीय तथा बास्केटबलतर्फ श्री वीरदल गण प्रथम र श्री नं २३ वाहिनी अड्डा द्वितीय भएका थिए । विजयी टीमहरुलाई वाहिनीपति सहायक रथी श्री विनोज बस्न्यातले गत कात्तिक २० गते पदक तथा पुरस्कार वितरण गरी खेलकुद प्रतियोगिताको समापन गर्नुभयो । यसैगरी बार्षिकोत्सवको उपलक्ष्यमा गत कात्तिक २१ गते वागलुङ नगरपालिका १ स्थित बाङ्गेचौर खेल मैदानमा धौलागिरी अञ्चलमा कार्यरत सुरक्षा निकाय, सरकारी कार्यलयका अधिकृतहरु तथा जिल्ला खेलकुद विकास समिति, जिल्ला फुटबल संघ र बाग्लुङ्ग समाजबीच आयोजित मैत्रीपूर्ण फुटबल खेलको पुनरावेदन अदालतका माननीय मुख्य न्यायधिश श्री जागेश्वर सुवेदीले शुभारम्भ गर्नुभएको थियो । उक्त खेलमा दुवैतर्फबाट ४/४ गोल गरी बराबरीमा सम्पन्न भएको थियो ।


वाहिनीपति स.र. श्री विनोज वस्न्यात विजयी खेलाडीलाई पुरस्कृत गर्नुहुँदै ।

## मध्य पृतना हे.क्वा.

हेटौडास्थित मध्य पृतना हे.क्वा.ले यही मङ्सिर १ गते आफ्नो स्थापनाको छैठौं वार्षिकोत्सव भव्यताका साथ मनायो । उक्त अवसरमा पृतनापति उपरथी श्री नेत्रबहादुर थापाले विधिवतरुपमा पूजाअर्चना गर्नुभई झण्डोत्तोलन गर्नुभएको थियो । यसैगरी सोही दिन उहाँले पृतना हाताभित्र नयाँ गोरख गणद्वारा निर्माण भई क्षतिग्रस्त अवस्थामा रहेको गोल घरको पृतना हे.क्वा. र हाताभित्र भएका युनिटहरुको स्रोत र साधनबाट पून: निर्माण गरिएको गोल घरको उद्घाटन गर्नुभयो ।

यसैगरि बार्षिकोत्सवकै अवसरमा आयोजित टेनिस, व्याटमिण्टन तथा फुटबल खेलहरुका विजयी खेलाडीहरुलाई पृतनापति श्री थापाले पुरस्कृत गर्नुभएको थियो । उक्त खेलहरुमध्ये टेनिस प्रतियोगिताको डबल खेलमा पृतनापति उपरथी श्री नेत्रबहादुर थापा र चिफ अफ स्टाफ सहायक रथी श्री दिपककुमार गुरुङ्गको जोडीले सेनानी श्री नमराज कार्की र प्रा.सेनानी श्री माधव पौडेलको जोडीलाई हराई विजयी भएका थिए । यसैबीच बार्षिकोत्सवको अवसरमा सकलदर्जालाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले विभिन्न खेलकुदको आयोजना गरिनुका साथै सकलदर्जाहरुलाई नयाँ खेल ड्रेससमेत वितरण गरी सर्वोत्कृष्ट वर्ष जवानलाई पुरस्कृत गरिएको थियो ।



मध्य पृतना हे.क्वा. परिवार ।

## बर्दबहादुर गण

श्री वर्द बहादुर गणले गण स्थापनाको २४७ औं बार्षिकोत्वको उपलक्ष्यमा यही मङ्सिर ५ गते विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्यरुपमा मनायो । उक्त गणका कर्णेल कमाण्डाण्ट अवकास प्राप्त सहायक रथी श्री दिलिप रायमाझीको प्रमुख आतिथ्यमा बर्द व्यानर पुष्पबृष्टि गरी कार्यक्रमको शुभारम्भ गरिएको थियो । यसैक्रममा प्रमुख अतिथि श्री रायमाझीले गणको इतिहास र लेखरचना समेटेर प्रकाशन गरिएको "बर्द ऐतिहासिक दर्पण" पुस्तकको विमोचन गर्नु भएको थियो । गणको वार्षिकोत्सवको उपलक्ष्यमा विविध सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमहरु गर्नुका साथै बडा भोजको आयोजना समेत गरिएको थियो । उक्त कार्यक्रममा पूर्व गणपतिहरु, मदर युनिट भएका अधिकृतहरु, भूतपूर्व अधिकृत पदिक तथा अन्य दर्जा लगायत जिल्लाका विभिन्न कार्यालयका कार्यालय प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।


आमन्त्रित पाहुनाहरुको साथ बर्दबहादुर गण परिवार

# यस्तो पनि. . . .



**को हो शत्रु ? को हुन् मित्र ? के थाहा र मलाई तैपनि पठाउँछन् आत्मघाती बम बोकाई ।**

# आधुनिक आविष्कार



**Laser weapon system Rifle:** *The Personnel Halting and Stimulation Response (PHaSR) is a rifle-sized laser weapon system that uses two non-lethal laser wavelengths to deter, prevent, or mitigate an adversary's effectiveness. The laser light generated by this weapon illuminates or "dazzles" aggressors, temporarily impairing individuals and their ability to see the laser source.*

## MILITARY THOUGHTS

**"When the pin is pulled, Mr. Grenade is not our friend."**
- U.S. Marine Corps

**When placed in command - take charge.**
–Norman Schwarzkopf

**Live for something rather than die for nothing.**
–George Patton

## वीरभद्र जंग गुल्मको सामाजिक कार्य

श्री वीरभद्र जंग गुल्म अन्तर्गत सुरक्षा से.मु नुवाकोट पोष्ट परिसरमा रहेको ऐतिहासिक पुरातात्विक धार्मिकस्थल श्री काला भैरब मन्दिरको हाताभित्र निर्माण भएको "वीरभद्र विश्राम स्थल" को गत कार्तिक २५ गते उक्त गुल्मका गुल्मपति सेनानी श्री भुवन खत्रीले एक समारोहकाबीच उद्घाटन गर्नुभयो ।



विभिन्न ठूला चाडपर्वहरुमा विशेष मेला लाग्ने उक्त महत्वपूर्ण पुरातात्विक ऐतिहासिक धार्मिकस्थलमा गुल्मका सकलदर्जाको अथक प्रयास तथा आन्तरिक श्रोत, साधनबाट निर्माण गरिएको सो विश्रामस्थलको निर्माणले मन्दिरमा दर्शनार्थ आउने भक्तजन तथा अन्य यात्रीहरुमा ठूलो राहत मिलेको सो पुरातात्विक मन्दिर व्यवस्थापन समितिका अध्यक्ष प्रसाद गुरुङ्गले बताउनु भएको छ ।

उक्त उद्घाटन कार्यक्रममा कालाभैरब पुरातात्विक मन्दिर व्यबस्थापक समितिका सम्पूर्ण पदाधिकारीहरु, स्थानीय बासिन्दा तथा स्थानीय पत्रकारहरुको समेत उपस्थिति रहेको थियो । सोही अवसरमा गुल्मका जवानहरुबाट मन्दिर इलाकाको सरसफाई कार्यक्रमसमेत गरिएको थियो ।


गत कात्तिक १३ गते पोखरा रंगशालामा सञ्चालन भएको वृहत् सर-सफाई कार्यक्रमको सिलसिलामा श्री देवीदत्त गणका जवानहरु ।।





राष्ट्रिय संरक्षण दिवसको अवसरमा श्री जबरजंग गणले गण हे.क्वा. चारआली ब्यारेक र अन्तर्गत तैनाथ रहेको चन्द्रगढी सुरक्षा बेशको हाताभित्र वृक्षरोपण, मलजल र बार बाँधी दिगो संरक्षण र सवर्द्धनको लागि वातावरण संरक्षण सम्बन्धी गतिविधि सञ्चालन गरेको छ ।

## भवन उद्घाटन



यही मङ्सिर ५ गते सुर्खेत कपासेस्थित श्री अजय दल गुल्मले आफ्नै आन्तिरिक स्रोत र साधनद्वारा निर्माण गरेको १६ बेड जवान घर अजय भवनको मध्यपश्चिम पृतनापति उपरथी श्री प्रदिप जंग थापाले एक समारोहकाबीच समुद्घाटन गर्नु भयो । उक्त उद्घाटन समारोहमा सकल दर्जालाई सम्बोधन गर्नु हुँदै गुल्मले गरेको यस किसिमको निर्माण कार्यले आफू निकै प्रभावित हुनुका साथै यस्ता कार्यबाट समग्र राष्ट्रलगायत नेपाली सेनाको विकास कार्यमा ठूलो योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभएको थियो ।




सिपाहीको चौतारीमा पूर्व राष्ट्रिय फुटबल खेलाडी

## नेपाली सेनाका खेलाडीहरू बढी अनुशासित पाएको छु

पूर्व राष्ट्रिय गोलरक्षक एवं प्रशिक्षक
उपेन्द्रमान सिंह

भक्तपुर जिल्लाको मध्यपुर थिमी न.पा.-१५, गट्ठाघर स्थायी घर भएका नेपाली राष्ट्रिय फुटबल टीमका पूर्व कप्तान तथा गोलरक्षक उपेन्द्रमान सिंह दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) को गोल्ड मेडलिस्टसमेत हुनुहुन्छ । सन् १९९० बाट गोलरक्षकको रुपमा खेल जीवन शुरु गर्नु भएतापनि उहाँले व्यवसायिक फुटबल खेलभने सन् १९९५ बाट शुरु गर्नु भएको हो । व्यवसायिक खेल यात्राको पाँच वर्षको अनुभव मै उहाँले सन् २००० मा नेपाली राष्ट्रिय टीमको नेतृत्व सम्हाल्ने अवसर पाउनु भयो ।

उहाँको नेतृत्वमा नेपाली फुटबल टीमले विभिन्न अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई उल्लेखनीय सफलताहरुसमेत हात पार्न सफल भएको थियो । पूर्व राष्ट्रिय गोलरक्षक सिंहले थुप्रै अन्तर्राष्ट्रिय प्रतियोगिताहरु जस्तै विभिन्न साफ खेलकुदहरु, एसियन कप क्वालिफाइङ्ग, वर्ल्ड कप क्वालिफाइङ्ग, साफ च्याम्पियनशीप, एशियन कप आदि जस्ता खेलकुदहरुको अनुभव बटल्नु भएको छ । जसमध्ये सन् १९९३ मा बंगलादेशको ढाकामा सम्पन्न भएको छैठौं साफमा उहाँसमेत सम्मिलित नेपाली राष्ट्रिय फुटबल टीमले स्वर्ण पदक हात पार्न सफल भएको थियो । यसैगरी उहाँले थाइलैण्ड, भारत, बंगलादेश आदि देशका फुटबल क्लबहरुसँग आवद्ध रही व्यवसायिक खेलसमेत खेल्नु भएको छ । जसमध्ये भारतस्थित गोवाको एक फुटबल क्लवबाट खेल्दा भारतको नेशनल लिग जित्दा खेरीको क्षण उहाँ आफ्नो अविष्मरणीय क्षण मान्नु हुन्छ ।

हाल नेपालको राष्ट्रिय फुटबल गोलरक्षकको प्रशिक्षक एवं नेपाली सेनाको नं १० वाहिनीको फुटबल टीमकोसमेत प्रशिक्षक रहनु भएका सिंहले नेपालको राष्ट्रिय प्रतियोगिताहरु जस्तै ए डिभिजन लिग, ए.एफ.सी. प्रेसिडेन्ट कप, एन्फा कोकाकोला कप, रुपक स्मृति कप आदि प्रतियोगिताहरु उत्कृष्ट प्रदर्शन गरेवापत उहाँले गोर्खा दक्षिण बाहु चौंथो, त्रिशक्ति पट्ट चौथों, विभिन्न प्रतियोगिताहरुमा सर्वोत्कृष्ट गोलरक्षक तथा खेलाडी आदि सम्मान तथा पुरस्कार प्राप्त गर्नु भएको छ ।

सन् २००५ मा फुटबल खेलबाट सन्यास लिनु भएका खेल जीवनका क्रममा उहाँले जर्मनी, मलेसिया, संयुक्त अरव इमिरेट्स आदि देशहरुमा गोलरक्षकको प्रशिक्षण लिनु भएको थियो भने यु-१६, यु-१९, ए.एफ.सी च्यालेन्ज कप, साफ च्याम्पियनशीप-२००८, प्रधान मन्त्री कप, छैठौं साफ च्याम्पियनशीप-२००९ को समेत गोलरक्षकको प्रशिक्षक हुनुहुन्छ । साथै पूर्व राष्ट्रिय गोलरक्षक एवं हाल प्रशिक्षक सिंह मध्यपुर फुटबल एकेडेमीका प्रमुख प्रशिक्षक समेत हुनुहुन्छ । हाल नं १० वाहिनीको फुटबल प्रशिक्षण एवं बंगलादेशमा आयोजना हुने छैठौं साफ च्याम्पियनशीपकालागि प्रशिक्षणमा व्यस्त रहनु भएका सिंह हाल सञ्चालन भइरहेको प्रधान सेनापति ट्रफी २०६६ अन्तर्गत नं १० वाहिनीले स्वर्ण पदक जित्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्छ । खेल शुरु हुनुपूर्व नेपालका अन्य ए डिभिजन क्लवहरुसँग मैत्रीपूर्ण खेलहरुमा प्राप्त नतिजाबाट उहाँले यो विश्वास व्यक्त गर्नु भएको कुरा बताउनु हुन्छ । साथै तयारी पनि राम्रो र धेरै समय गर्न पाएकोले पनि राम्रो नतिजा निस्कने दावी उहाँको छ । यसैगरी आउँदो मंसिर १९ गतेबाट ढाकामा आयोजना हुने साफ च्याम्पियनशीपमा पनि नेपालको राम्रै प्रदर्शन रहने आशा राख्नु हुन्छ उपेन्द्रमान सिंह ।




हाल प्रशिक्षकको भूमिका निभाइ रहनु भएका सिंह एउटा खेलाडी हुनुभन्दा एउटा प्रशिक्षक हुनु बढी चुनौतीपूर्ण रहने वताउनु हुन्छ । कुराकानीका क्रममा उहाँ कुनै पनि खेलको नतिजाको पूरा जिम्मा प्रशिक्षकलाई हुने वताउनु हुँदै हरेक खेलमा प्रशिक्षक र खेलाडीको भूमिका संधै फरक फरक हुने उहाँको अनुभव रहेको छ ।

हाल प्रशिक्षणमा व्यस्त सिंह नेपाली सेनाका खेलाडीरुमा बढी अनुशासन, लगनशीलता र मिहेनतीपन रहेको पाउनु हुन्छ । तर नेपाली सेनाका खेलाडीहरुसँग बाह्य खेलाडीको तुलनामा खेलको बेलामा निर्णय गर्न सक्ने क्षमता तथा आधारभूत ज्ञान अलि कम रहेको महशुस उहांले गर्नु भएको छ । किनभने सेनाको खेलाडीकोलागि खेल भनेको दोश्रो प्राथमिकता हो, आफ्नो भनाइलाई पुष्टि गर्नु हुन्छ ।

कुराकानीको अन्त्यमा श्री सिंह हरेक व्यक्तिको लागि खेल अत्यन्तै महत्वपूर्ण रहेको र खेलले मानिसमा सँधै सकरात्मक परिणाम दिने भएकोले आफ्नो दैनिक जीवनमा थोरै समय भएपनि खेललाई छुट्याउन अनुरोध गर्नु हुन्छ ।

## सपथ खाएको छु

हेम बहादुर कार्की
श्री तारादल गण, त्रिशुली ।

देशको लागी सपथ खाएको देशको लागि मर्न भनी
अनुशासन र नियम भित्र बसी सेवा गर्न भनि ।

दश धारा दुधको भारा तिर्छु आमा कसै गरी
छिटै घरमा फर्कि आउछु नबस्नु है आशु झारि ।

हिड्ने जमिन आमा मेरो बुबा आकास सित्तल दिने
शत्रुसँग युद्ध गर्छु हाकिम दुःख बुझि लिने ।

दिन र रातको भोक तिर्खा प्रवाह छैन मर्न पनि
जन्म लिए धर्तिमा देशको सेवा गर्न भनि ।

चड्दै हिड्छु डाँडा काँडा टाकुरामा घर छ
वीर हौ हामी यो देशको कहाँ कसको डर छ ।

गोली बारुद खेल्ने घाम र पानी खाना
खुसि मेरो कठिन घडी संघर्ष हो ज्यान ।



## हामी सिपाही

***अम. धिरेन्द्र सिंह भण्डारी***
***श्री बज्रदल गण, वेनी म्याग्दी ।***

वीर पुर्खाको ईज्जत राख्नु
हाम्रो जिम्मेवारी भएको छ ।
देश र जनताको रक्षा गर्न
हाम्रो कर्तव्य हुन आएको छ ॥

हामी हाँसे यो माटोमा
माटो पनि हाँस्ने छ ।
कर्तव्य हामीले नबिर्सिमा
हिमाल सँधै हाँस्ने छ ।

गर्नेछौ रक्षा सँधैं भरी
देश अनि नागरिकको
आत्मा रुन दिने छैनौ
हाम्रा वीर पुर्खाको

झोलाभरी गोली गट्ठा
अनि राईफल बोकि हिँडेकाछौं
दुश्मन आउने बाटो छेकि
रातदिन हामी बसेका छौं

बैरी सामु लड्ने हाम्रो
एउटै लक्ष्य रहेको छ
उदेश्य एउटै लिई सिपाही
डाँडा काँडा पुगेको छ ।



## विवादास्पद बन्दुक

हु. रमेश थापा
श्री नयाँ श्रीनाथ गण ।

बन्दुक विकासको बाधक होइन
बन्दुक विनाशको साधन होइन
बन्दुकले पनि शान्ति चाहन्छ
बन्दुकले पनि क्रान्ति चाहन्छ
परिवर्तन चाहान्छ
बन्दुक आफै हत्या, हिंसा गर्दैन्
बन्दुक आफैले रक्षा पनि गर्दैन
बन्दुक आँखा खोली हिंड्दैन
बन्दुकले आफन्त-पराई चिन्दैन्
न त बन्दुक बुद्ध हो
न त बन्दुक भक्त हो
बन्दुक त एउटा हातियार हो
दुरुपयोग त्यसको अपराध हो
बन्दुक सुख दुःखको साथी हो
जोगाई राखे सम्पत्ति हो
झगडा नगरे दम्पत्ति हो
चिनेनौ भने विष हो
चिन्यौ भने अमृत हो
बन्दुक नदि हो, पुल पनि हो
बन्दुक काँडा हो, फूल पनि हो
हिटलरको हातमा गन्हाउँछ
गान्धीको साथमा मगमगाउँछ
वास्तवमा बन्दुक
शान्तिको पुजारी हो

## जानी राखौं

- विश्वका ४६ प्रतिशत व्यक्तिको रगत 'ओ' ग्रुपको रहेको हुन्छ ।
- ईन्टरनेटमा राखिएको पहिलो नेपाली चलचित्र "बादल पारी" हो ।
- १० लाख अमेरिकी डलर धनराशी रहेको नोवेल पुरुस्कार अस्वीकार गर्नेहरु Boris Pasternak रुस-१९५८ साहित्य, JB Shaw साहित्य, Jean Paul Sartre -1964 फ्रान्स र Le Duc Tho १९७३ भियतनाम हुन् ।
- संयुक्त राष्ट्र संघको आर्थिक व्ययभार सबभन्दा बढी २५ प्रतिशत अमेरीकाको र हेको छभने सबैभन्दा थोरै ०.०१ प्रतिशत नेपालले व्यहोर्दै आएको छ ।
- भारतको हवाई जहाजमा VT कोर्ड लेखिए जस्तै नेपालको हवाई जहाजमा 9N कोर्ड लेखिएको हुन्छ यसैगरी मलेशियन जहाजमा 9M, सिंगापुरीयन जहाजमा 9V र कुवेतीयन जहाजमा 9K कोर्ड लेखिएको हुन्छ ।

## समस्या

अम नगेन्द्र कुमार चौधरी
श्री कालीध्वज गण, भोजपुर ।

खानु जागिर आफ्नै गल्ती
किन मान्छौं अहिले आपत्ति
बढ्नु पर्छ सँधै अघि
हट्ने होइन कहिले पछि

मानव शरीर अन्न पानीको
समस्या छ सिपाही सबको
सुन्ने होईन् कुरा कोही
समस्या छ सिपाहीको सही

गरें रिपोर्ट सिल्सीलेबार
आयो आदेश रोलकल गर
लियो रोलकल हल्मेसाप
भयो सामेल सिपाही साप

बक्सायो समस्या सिपाहीले
गरेन समाधान हल्दारमेजरले
हामी सिपाही अन्य दर्जा
गर्छौ हामी अन्यायको चर्चा

## नेपाली वीर सिपाही

सिपाही गोकर्ण खड्का
श्री सवुज गण सल्यान

देश र जनताको लागी लड्न सिपाही वीर
सत्यताको मन्त्र जप्दै निशान झण्डा शिर

भोक असह्य र अति दुःखमय संघर्ष
सवै सह्यौ महिनौ भोक अनि हिम वर्षा

भोक प्यास यातनायुक्त मृत्युको स्वागत गऱ्यौ
न त विश्राम लियौ न त शत्रुलाई नै छोड्यौ

वीरता, ढृढता स्वाभीमानले विश्व चिनायौ
पूर्व टिस्टा पश्चिम कांगडा नेपालमा मिसायौ

युद्ध कौशल नियमता लिएर शत्रु सामु उभियौ
मर्छु भन्ने छँदा छदै रणभूमीमा होमियौ

युद्धमूमीमा डटि रहयौं भाग्न कहिल्यै खोजेनौ
देशका लागि मर्न रोज्यौ आत्मासमर्पण रोजेनौ

शत्रु माथी साहसि भई बहादुरी देखायौ
धैर्य भएर युद्ध लड्यौ कहिल्यै हारेनौ

सच्चा पौरख देखाएर युद्धभूमि थर्कायौ
नेपाली वीर भनी विश्व सामु नाम चिनायौ



## सेना बनेको थैं

*-अवकाश प्राप्त जमदार*
*केशवबहादुर बस्नेत*

आफ्नो बारे मात्रै सोच्न छोडेपछि
हामी-हाम्रो नेपालको भाव जागेपछि
देशको सारा पीडाहरु आफ्नो भनेको थैं
सेवा गर्न नेपालको सेना बनेको थैं
रक्षा गर्न-रक्षक बनि कवज ओडेपछि
देश हितको मन्त्रले निन्द्रा भागेपछि
सबको यात्रा सुगम पार्न बाटो खनेको थैं
सेवा गर्न नेपालको सेना बनेको थैं
जम्दार भई सूर्यलाई काँधमा राखेर
कसम खाँथे सेनामा छदाँ निशान भाकेर
औला भाँची घरमा जाने छुट्टी गनेको थैं
सेवा गर्न नेपालको सेना बनेको थैं

## मेरो देश

सि नेत्र बहादुर सुनुवार
श्री रिपुर्दन गण (ई) गण 'क' गुल्म

लड्दै छु लडाइँको मैदानमा
बाँच्ने टुङगो छैन मलाई ।
माया छ मलाई मेरो देशको
मृत्युको परवाह छैन मलाई ।
कर्तव्यको पालना गर्दछु सदैव मैले
अनुशासनको पाठलाई आत्मसात् गर्दै ।
पूर्णकालीन सदस्य भैसके म त
अघी बढ्दैछु पेशागत तालीमहरु गर्दै ।
देशको अन्तीम रक्षक हुँ म
देशलाई पहरा दिने काम मेरो
दिल खोलेर लडिरहन्छु म
चारैतिर आइलागे पनि दुस्मनको छोरो ।
एउटा सुन्दर फूलवारी हो मेरो देश
यसलाई फुलाउने र फलाउने काम मेरो
कसैले विगार्न खोजेमा यसलाई
फलामे वार भै सुरक्षा दिने काम मेरो ।

## राष्ट्रियता

सिपाही नरेन्द्र बहादुर चन्द
श्री सबुज गण सल्यान

म- मधेश पहाड हिमालचुली, सगरमाथा शिर,
स- संयमतामा अघि बढ्छौं, नेपाली हौं वीर
बु- बुद्धि विवेक ईमान्दारी, साहस अनि आँट
ज- जनशक्ति र पहाड पर्वत, टुक्राउने हात
गण- गणतन्त्र र लोक तन्त्रका, हामी रक्षा कसि
को- कोशी मेची चिनाउने, सबै नर नारी
स- संघर्षमा सधै तल्लीन, नेपालीको बानी
बु- बुद्ध जस्ता महापुरुष, जन्मीएको खानी
ज- जनता हाम्रो मटु सरी, हामी उनकै माझ
गण- गणतन्त्रले जन्म लियो, शान्ति ल्याउन आज
मे- मेची काली नशा नशा, बग्छ रगत बनी
रो- रोक्ने छैन पहाड पर्वत, आँधी बेहरी पनि

## ख्याल ठट्टा

एक जना जवानलाई घर जाने ठूलो चाह रहेछ । बेलुकी विदा पनि पास भए छ, यतिकैमा सिनियरले भनेछन् -अब रात पर्न लाग्यो तिम्रो घर पनि टाढा छ, त्यसमा पनि जंगलको बाटो छ, भोलि बिहानै जाऊ हुन्न र ?
जवान - हैन सर म आजै जान्छु ।
सिनियर - ल जान त आजै जाने भयौ तर जंगलको बीचमा पुग्दा बाघ अथवा डाकाहरुसंग जम्का भेट भयो भने के गर्छौ ?
जवानले उत्तर दियो- जे गर्छन तिनीहरुले आफै गरि हाल्छन् नि, मेरो टाउको दुखाइको कुरै होइन ।

*रक्सीको मात लागेर लडेको सिपाहीलाई आर.पी. हुद्दाले सोध्यो : 'ए ! व्यारेक नगएर किन यहाँ सुतिरहेको हँ ?*
*लर्बराउँदै उसले भन्यो :* ' नकराउनुस् न हल्सा'प ! मेरो आँखा अगाडि सबै शहर घुमिरहेको छ । व्यारेकको गेट आउनासाथ फुत्त भित्र छिरिहाल्छु नि ?'

नेपाली सैनिक रेडियो कार्यक्रम प्रत्येक आइतबार राति ८:१५ देखि ८:४५ बजेसम्म रेडियो नेपालको केन्द्रिय प्रशारणमार्फत नेपाल अधिराज्यभर र काठमाडौं उपत्यकामा एफ. एम. १०० मेगाहर्जमा सुन्न सक्नुहुन्छ ।

### *लेख रचना आव्हान*

यस सिपाही पाक्षिकमा तपाईंका लेख, र चना, कथा, कविता, चुट्किला, व्यङ्ग्यहरुलाई स्थान दिईनेहुँदा यहाँहरुबाट त्यस्ता लेखरचनाहरु प्रकाशनका लागि पठाउनु हुनको साथै कुनै प्रतिक्रिया वा सुझाब भएमा पठाउनु हुनसमेत अनुरोध ।

**लेख रचना पठाउने ठेगानाः**
सिपाही पाक्षिक पत्रिका
श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा, जङ्गी अड्डा ।
**ईमेल ठेगाना :**
sipahipatrika@gmail.com

# प्रधान सेनापति ट्रफि २०६६ को यही मङ्सिर १२ गतेसम्मको नतिजा

जङ्गी अड्डास्थित खेल मैदानमा यही मङ्सिर ८ गतेबाट सञ्चालन भैरहेको खेलकुद प्रतियोगिताको नतिजाहरु आउनेक्रम शुरु भएको छ । यसैक्रममा यही मङ्सिर १२ गतेसम्मको नतिजा अनुसार ८ गते सम्पन्न भएको एथलेटिक्स खेल अन्तर्गत महिला १०० मीटर दौडतर्फ मद्दती फौजका उप सेनानी श्री शान्ति आचार्य प्रथम, मद्दती फौजकै प्युठ सुजाता प्रधान द्वितीय र मध्य पृतना हे.क्वा. का सिपाही रुपा खड्का तृतीय हुनु भएको छभने पुरुष १५०० मीटर दौडतर्फ विशेष सुरक्षा फौजका सिपाही हरि कुमार रिमाल प्रथम, मद्दती फौजका सुवेदार राजेन्द्र भण्डारी द्वितीय र मध्य पश्चिम पृतनाका प्युठ लेटर सिंह खत्री तृतीय हुनुभएको छ । यसैगरी पुरुष १०० मीटर फाईनल दौडमा पूर्वी पृतनाका सिपाही दशिराम चौधरी प्रथम, मध्य पृतनाका गुल्म कार्य हुद्दा टीकाराम चौधरी द्वितीय र उपत्यका पृतनाका अमल्दार जयबहादुर श्रेष्ठ तृतीय हुनु भएको छ । विजयी खेलाडीहरुलाई प्रमुख अथिति प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरूङ्गले पुरुस्कार प्रदान गर्नु भएको थियो ।

यसैगरी मङ्सिर ९ गते सञ्चालन भएको फाइनल खेलमा एथ्लेटिक्सतर्फ १० हजार मीटरतर्फ मद्दती फौजका सुवेदार राजेन्द्र भण्डारी ३१ मीनेट ४९ सेकेण्ड ७८ पल्समा दुरी पार गरी प्रथम हुनुभयोभने मध्य पृतनाका अम राजकुमार विष्ट ३२ मीनेट ९० पल्समा दुरी पार गरी द्वितीय र विशेष सुरक्षा फौज टीमका हुद्धा कल्याण वानियाँ ३२ मीनेट २० सेकेण्ड ३५ पल्समा दुरी पार गरि तृतीय हुनुभएको छ । यसैगरी सटपुटतर्फ उपत्यका पृतनाका गु.का हु बमबहादुर गुरुङ्गले १२ मीटर २७ से मी. छेलो फ्याकेर प्रथम, मध्य पृतना हे.क्वा. का अमल्दार पदम भण्डारीले ११ मीटर ६९ से. मी. फ्याकेर द्वितीय र मद्दती फौजको गु.का.हु मुनेन्द्र श्रेष्ठले ११ मीटर ६८ से.मी. फ्याकेर तृतीय हुनुभएको छ ।

यसैगरी लङ्ग जम्पतर्फ पश्चिम पृतना हे.क्वा. का सिपाही डिल्लीबहादुर खत्रीले ६ मीटर २४ सेन्टी मीटर पार गरी प्रथम, मध्य पश्चिम पृतना हे.क्वा. का प्युठ टेकबहादुर सार्कीले ६ मीटर २२ सेन्टीमिटर पार गरी द्वितीय र विशेष फौजका हु. कृष्ण बस्नेतले ६ मीटर ०७ सेन्टीमीटर दुरी पार गरी तृतीय हुनुभएको छ ।

यसैगरी यही मङ्सिर १० गते सम्पन्न भएको डिसकस थ्रोतर्फ मध्य पृतना हे.क्वा.का हुद्धा छविलाल श्रेष्ठले ३६ मी.१९ से मीटर फ्याकेर प्रथम, मध्य पृतनाकै हुद्धा रामकुमार थारुले ३४ मीटर १५ से मी. दुरी फ्याकेर द्वितीय र मध्य पृतनाकै हुद्धा तारा बहादुर कार्कीले ३२ मीटर ६५ से.मी दुरी फ्याकेर तृतीय हुनुभएको छभने ४०० मीटर महिला दौडतर्फ मद्दती फौजकी प्युठ सुजाता प्रधानले १.०८.८९ मिनेटमा दुरी पार गरी प्रथम, मद्दती फौज टीमकै उपसेनानी शान्ति आचार्यले १.१०.५२ मिनेटमा दुरी पार गरी द्वितीय र मध्य पृतना हे.क्वा. की सिपाही रुपा खड्काले १.११.३५ मिनेटमा दुरी पार गरी तृतीय हुनुभएको छ ।

यस्तै सोही दिन सम्पन्न हाइ जम्पतर्फ पश्चिम पृतना हे.क्वा.का सिपाही सुर्य बहादुर खत्रीले १.८० मीटर उचाइ पार गरेर प्रथम, मध्य पृतना हे.क्वा. का सिपाही सन्तोष रम्तेलले १.७० मिटर उचाइ पार गरेर द्वितीय र सुदुर पश्चिम पृतनाका सिपाही प्रेम सिंहले १.७० मिटर उचाइ पार गरेर तृतीय हुनुभएको छ ।

यस्तै मङ्सिर ११ गते सञ्चालन भएको २०० मिटर दौडतर्फ मध्य पृतना हे.क्वा. का गुल्म कार्य हुद्धा टिकाराम चौधरी २३.८५ सेकेण्डमा दौड पुरा गरी प्रथम, पूर्वी पृतनाका सिपाही दसीराम चौधरीले २४.०६ सेकेण्डमा द्वितीय र पश्चिम पृतना हे.क्वा. का अम वीरेन्द्र चौधरीले २४.१७ सेकेण्डमा तृतीय हुनुभएको छभने ५,००० मिटर दौडतर्फ विशेष सुरक्षा फौजको सिपाही हरि कुमार रिमाल १५ मी २३.से.०९ पल्समा प्रथम, मद्दती फौज टिमका सुवेदार राजेन्द्र भण्डारी १५.२५.से ९३ पल्समा द्वितीय र मध्य पृतनाका अमल्दार राजकुमार विष्ट १५ मी.३९से..७२ पल्समा तृतीय हुनुभएको छ ।

यस्तै ४०० मिटर हडल्सतर्फ मध्य पृतना हे.क्वा. का गुल्म कार्य हुद्धा टिकाराम चौधरी ५८.८९ सेकेण्डमा प्रथम, मध्य पृतनाका सिपाही योगेन्द्र लामा ५९.५९ सेकेण्डमा द्वितीय र मध्य पश्चिम पृतना हे.क्वा. का अमल्दार कालीराम चौधरी १.००.५७ पल्समा तृतीय हुनुभएको छभने ट्रिपल जम्पतर्फ पश्चिम पृतना हे.क्वा.का सिपाही डिल्ली खत्री १३.६२ मिटर पार गरी प्रथम, मध्य पश्चिम पृतना हे.क्वा. का अमल्दार भरत खड्का १३.०२ मिटर पार गरी द्वितीय र मध्य पृतनाका अमल्दार सन्तोष चौधरी १२.९२ मिटर पारगरी तृतीय हुनुभएको छ ।

यसैगरी ४ गुणा १०० रिले दौडतर्फ मध्य पृतना हे.क्वा.को टिमले ४६.१४ सेकेण्डमा पारगरी प्रथम भएको छ । जसमा गुल्म कार्य हुद्धा टिकाराम चौधरी, अम डुकुल प्रसाद पौडेल, प्युठ विमल लिम्बु, सिपाही कमल कुताल, सिपाही नवराज भट्टराई सहभागी हुनुहुन्थ्योभने पूर्वी पृतना हे.क्वा.को टिमले ४६.६० सेकेण्डमा पारगरी द्वितीय भएका छन् जसमा अमल्दार डिल्लीराम लम्साल, अम कृष्ण माझी, सि. दसीराम चौधरी, प्युठ पदम बहादुर कार्की, सिपाही दिपेश मिश्र रहनु भएको थियो । यस्तै उपत्यका पृतनाको टिम ४६.८७ सेकेण्डमा पार गरी तृतीय स्थानमै चित्त बुझाउनु परेको थियो । जसमा हु. तिलक वली, अम सनम थापा, प्युठ जागुराम चौधरी, अम जय बहादुर श्रेष्ठ, अम हेम बहादुर क्षेत्री, हु. दलसिंह ठकुरी सहभागी हुनुहुन्थ्यो ।

यसैगरी ह्याम्मर थ्रोतर्फ मध्य पृतना हे.क्वा.का हुद्दा विकास परियारले ३९.७ मिटर टाढा फ्याकेर प्रथम, पश्चिम पृतनाका प्युठ महेशसिंह कार्कीले ३७.४९ मिटर टाढा फ्याकेर द्वितीय र मध्य पृतना हे.क्वा.का हुद्दा डिकबहादुर श्रेष्ठ ३७.११ मिटर टाढा फ्याकी तृतीय हुनुभएको छ । यसैगरी ८०० मिटर दौडतर्फ विशेष फौजका प्युठ सन्तोष बुढाले २ःमी२ःसे ५४ पल्समा दौड पुरा गरी प्रथम, मध्य पृतना हे.क्वा. का सिपाही मोतीलाल चौधरीले २ःमी२सेः७२ पल्समा द्वितीय र पश्चिम पृतनाको सिपाही मुक्ती बहादुर खड्काले २ःमी ३ःसे. ७२ पल्समा दौड पुरा गरी तृतीय हुनुभएको छ ।

यसैगरी यही मंङसिर १२ गते सञ्चालन भएको ११० मिटर पुरुष हडल्सतर्फ पश्चिम पृतनाका प्यु शोभाकान्त जमरकट्टेल १६ः से ८० पल्समा प्रथम, मध्य पृतना हे.क्वा. का सिपाही योगेन्द्र लामा १७ सेः४३ पल्समा द्वितीय र मध्य पृतना हे.क्वा. का सिपाही विशेष महतो १७ःसे ६७ पल्समा तृतीय हुनुभएको छ । यस्तै १५०० मिटर महिलातर्फ मद्दती फौज टीमको प्युठ सुजाता प्रधानले ५ मी.३२.से ६३ पल्समा दौड पुरा गरी प्रथम, मध्य पृतनाका सिपाही रुपा खड्काले ५ मी४०. से ७५ पल्समा दुरी पार गरी द्वितीय र उपत्यका पृतनाको सिपाही प्रतिक्षा दुलालले ५ मी. ३४ से २५ पल्समा दुरी पार गरी तृतीय हुनुभएको छ । यसैगरी ४०० मीटर पुरुषतर्फ पश्चिम पृतना हे क्वा का सिपाही मुक्ति बहादुर खडका ५३.३५ सेकेण्डसमा दुरी पार गरी प्रथम, विशेष फौज टीमको प्युठ सन्त बहादुर बुढा ५३.८० सेकेण्डसमा दुरी पार गरी द्वितीय र पुर्वी पृतना हे.क्वा. का सिपाही दसीराम चौधरी ५३.९० सेकेण्डसमा दुरी पार गरी तृतीय हुनुभएको छ ।

यस्तै ४ गुणा ४०० मिटर पुरुष रिले दौडतर्फ मध्य पृतनाको टीम ३.मी ३६.से ४९ पल्समा दुरी पार गरी प्रथम भएको छ । जसमा गुल्म कार्य हुद्धा टिकाराम चौधरी, अम डकुल प्रसाद पौडेल, प्युठ राजु अधिकारी, सिपाही तेज बहादुर सुनार, सिपाही योगेन्द्र लामा र सिपाही मोतिलाल चौधरी सहभागी हुनुहुन्थ्योभने पुर्वी पृतना हे.क्वा. ले ३.मी ४५.से ३० पल्समा दुरी पार गरी द्वितीय भएको छ जस्मा अमल्दार डिल्लीराम लम्साल, सिपाही रमेश कार्की, सिपाही दसीराम चौधरी, अम चक्रमान राई, अमल्दार कृष्ण माझी र प्युठ पदम बहादुर कार्की सहभागी हुनुहुन्थ्योभने तृतीयस्थानमा चित्त बुझाएको मध्य पश्चिम पृतना हे.क्वा. ले निर्धारित दुरी ३.मी ४५ से .८१ पल्समा पार गऱ्यो । जसमा अम कालीराम चौधरी, सिपाही वृद्धि प्रकास सुनार, अम श्याम कुमार चौधरी, प्युठ मिन बहादुर शाही, सिपाही टेक बहादुर देउजा सहभागी हुनुहुन्थ्यो ।

यसैगरी सोही दिन सम्पन्न ज्याभलिङ्ग थ्रोमा मद्दती फौज टीमको प्युठ धिरेन्द्र जंग शाह प्रथम, मध्य पृतना हे.क्वा. का सिपाही टेक ब. गुरुङ्ग द्वितीय र मध्य पृतना हे.क्वा. कै गुल्म कार्य हुद्धा तेज ब. थापामगर तृतीय हुनुभएको छ ।

## नेपाली सेनाको ध्यानाकर्षण

जाली नोटको कारोबारमा नेपाली सेनाका व्यक्तिको संलग्नता रहेको भन्ने आसयका साथ केही सञ्चार माध्यमहरुबाट प्रशारित समाचारप्रति नेपाली सेनाको गम्भिर ध्यानकर्षण भएको छ ।

उक्त समाचारको सम्बन्धमा आवश्यक अनुसन्धान प्रक्रिया प्रारम्भ भईसकेको तथा अनुसन्धान पश्चात् आरोपित व्यक्ति दोषी ठहर भएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत आमजनसमुदायलाई विज्ञप्तिमार्फत् जानकारी गराइन्छ भनि श्री सैनिक जनसम्पर्क निर्देशनालयद्वारा यही मङ्सिर ७ गते प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## श्रीजंग गण सम्मानित

यही मङ्सिर १ गते रामेछाप जिल्लाका सभासद डिल्लीमान तामाङ्गको प्रमुख आतित्थ्यमा सम्पन्न भएको दोरम्बा मुढे सडक उद्घाटनको क्रममा सो सडक निर्माण समितिले बाटो निर्माण कार्यमा सुरक्षा गुल्म दोरम्बाले पुऱ्याएको योगदानको कदरस्वरुप श्री श्रीजंग गणलाई कदर पत्रबाट सम्मानित गरेको छ ।

रामेछापमा तैनाथ रहेको श्री श्रीजंग गणले आफ्नो जिम्मेवारी क्षेत्र भित्र पर्ने मुढे दोरम्बा सडक निर्माण कार्यको लागि सो गण अन्तरगत सुरक्षा गुल्म दोरम्बाबाट खटिएको टोलीले गत भदौ १७ र १८ गते अग्लेश्वर भीरबाट करीब ३ की.मी. डोजर छिर्ने ट्याक (बाटो) निर्माण कार्य सम्पन्न गरेको थियो । सो सडक निर्माण सम्पन्न भएपछि यही मङ्सिर २ गतेबाट दोरम्बा-काठमाण्डौं सिधै बस सेवा सञ्चालनमा आएको छ ।

## राहत वितरण तथा आर्थिक सहयोग प्रदान

गत वैशाख १० गते रामेछाप जिल्लाको मन्थलीस्थित अस्पताल रहेको श्रीखानडाडाको जंगलमा लागेको आगो निभाउने क्रममा वीरगति प्राप्त सैनिकका परिवाहरुलाई सैनिक श्रीमती संघले एक कार्यक्रमको आयोजना गरी र हत तथा आर्थिक सहयोग प्रदान गरेको छ ।

प्रकृति संरक्षण एंव सर्वसाधारणको जिउधनको सुरक्षार्थ आफ्नो प्राणको वलिदान दिने नेपाली सेनाका बहादुर र कर्तव्यपरायण सैनिकहरुको वलिदानीको कदरगर्दै सो संघकी अध्यक्ष श्रीमती कमला गुरुङ्गले ती सैनिक परिवारहरुलाई जनही एउटा ब्लाङ्केट, साडी, चोलो र खास्टोसहित नगद रु २ हजार ५ रुपैयाँ प्रदान गर्नुभएको हो ।

यसरी सो सहयोगबाट सम्मानित हुनेहरुमा वीरगति प्राप्त सैनिकहरु हुद्धा छत्रबहादुर वस्नेतको श्रीमती राधा वस्नेत, अम. टोपबहादुर न्यौपानेको श्रीमती टोपकुमारी न्यौपाने, प्युठ जयराम के.सी.को श्रीमती सुनिला के.सी., प्युठ प्रकाश अधिकारीको श्रीमती, प्युठ धनबहादुर विष्ट क्षेत्रीको श्रीमती रिता विष्ट, सिपाही ओमकार वस्नेतको श्रीमती पवित्रा वस्नेत, सिपाही युवकराज गिरीको श्रीमती सविना गिरी, सिपाही सन्तोष कुमार सुनुवारको आमा रत्नमाया सुनुवार, सिपाही सन्तोष महतको बुवा गजेन्द्रप्रसाद महत, सिपाही निरबहादुर खड्काको दाई केदार खड्का हुनुहुन्छ ।

सो कार्यक्रममा प्युठ पूर्णबहादुर तामाङ्गको श्रीमती, सिपाही इन्द्रबहादुर बमको परिवार, सिपाही रामशरण कार्कीको परिवार अनुपस्थित रहनुभएको थियो । अनुपस्थित सैनिक परिवारहरुको राहत तथा नगद संघमा नै रहेकोले संघमा सम्पर्क राख्न श्रीमती संघले अनुरोध गरेको छ ।

यसैबीच, सोही अवसरमा संघका पूर्व कार्य समितिका पदाधिकारहिरुलाई उहाहरुको कार्यकालमा संघको कल्याणकारी कार्य तथा सैनिक परिवारहरुको उत्थानका लागि दिनुभएको योगदानको कदर गर्दै कार्यसमितिबाट विदाई तथा सम्मान गरिएको छ ।

# पहिरोबाट अनाथ बनेका भूतपूर्व सैनिकका सन्ततिलाई सहयोग प्रदान

दैवी तथा प्राकृतिक विपत्तिबाट पीडित हुने गरेका वहालवाला एवम् भूतपूर्व सैनिकहरुलाई नेपाली सेनाको कल्याणकारी कोषबाट आवश्यक राहत उपलब्ध गराइदै आएको छ ।

यसैअनुरुप गत असोज २१ गते परेको अविरल वर्षाका कारण पर्वत जिल्ला थापाठाना गा.वि.स. वडा नं. ५ पतेहार बस्ने नेपाली सेनाको श्री रणशेर गणबाट अवकाश प्राप्त हुद्दा दुर्गाबहादुर भण्डारी लगायत उनकी श्रीमती, एक छोरा र एक छोरीको दुःखद निधन भएकोले सो घटनामा परेर बाँच्न सफल उनका दुई जना छोरीहरुको भरणपोषण तथा शिक्षा दिक्षाको सम्पूर्ण जिम्मेवारी नेपाली सेनाले लिएको छ ।

उक्त प्राकृतिक विपत्तिबाट बच्न सफल उनकी १२ वर्षिया छोरी बिन्दु र १० वर्षिया रेखा भण्डारीको भरण पोषण र शिक्षा दिक्षाकोलागि राहत उपलव्ध गराई पाउँ भनी स्व. हुद्दाका आफन्तले दिएको निवेदनको आधारमा प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले ती बालिकाहरुकोलागि आवश्यक सम्पूर्ण सहयोग उपलव्ध गराउन सैनिक कल्याणकारी योजना निर्देशनालय र कार्यरथी विभाग (वे.वृ.) लाई निर्देशन दिनु भएको छ ।

प्रधान सेनापतिको निर्देशनबमोजिम उक्त निर्देशनालय तथा विभागले ती अनाथ बालिकाहरुकोलागि आवश्यक सहयोग उपलव्ध गराउने प्रक्रिया शुरु गरिसकेका छन् । जसअनुरुप सैनिक कल्याणकारी योजना निर्देशनालयले दुवै जना बालिकाहरुको सुरक्षित भविष्यकालागि 'नीर शम्शेर दैवी प्रकोप उद्धार कोष'बाट अधिकतम ५० हजार नावालक छोरीहरुको नाममा खाता खोली राखि दिने र अनाथ वालिकाहरुको काठमाण्डौमा बसि अध्ययन गर्ने इच्छाअनुसार विजेश्वरीस्थित आशाकिरण छात्रावासमा राखि विजेश्वरी ज्ञान मन्दिर अथवा वीरेन्द्र सैनिक आवासीय महाविद्यालयमा स्तरपरीक्षा लिई अध्ययन

पहिरोका कारण अनाथ बनेका सानी रेखा र ठूली बिन्दु



गराउने र भविष्यमासमेत नेपाली सेनाद्वारा सञ्चालित विद्यालय तथा महाविद्यालयहरुमा निःशुल्क शिक्षा प्रदान गरिने भएको छ । ती बालिकाहरुलाई झिकाउने प्रक्रिया शुरु गरि सकिएको छ ।

यसैगरी कार्यरथी विभाग (वे.वृ.) का अनुसार स्व. भण्डारीले निवृत्त भरण खान शुरु गरेका मितिले ७ वर्ष नभएसम्म निजले खान पाउने निवृत्ति भरण निजको नजिकको हकवालालाई उपलब्ध गराउने नीतिबमोजिम नै २ छोरीहरुलाई उपलव्ध गराइने र बाँकी अवधिको नि.भ. पनि उनीहरुकै भरणपोषण तथा शिक्षाको लागी नि.भ. अवधि ७ वर्ष पूरा भए तापनि उमेर नपुगुन्जेलसम्मका लागि नियमितरुपमा पेन्सन सुविधाको रुपमा उपलब्ध गराउनेतर्फ आवश्यक कारवाही चलाउने निर्णय भएको छ ।

यसैबीच, गत कात्तिक २९ गते पर्वतस्थित उद्योग वाणिज्य संघको सभाहलमा आयोजित एक कार्यक्रममा नं. २३ वाहिनी तथा उक्त वाहिनी अन्तर्गतका युनिटहरुका सकलदर्जाबाट स्वेच्छिकरुपमा संकलित नगद दुई लाख एक हजार सात सय चालीस रुपैयाँ पीडितहरुलाई नं. २३ वाहिनीपति स.र. श्री बिनोज बस्न्यातद्वारा हस्तान्तरण गरिएको छ । हन्तान्तरण गरिएको उक्त रकम पर्वतस्थित गुल्मपति तथा नावालक छोरीहरुको संयुक्त नाममा ८ वर्षे मुद्दती खातामा निक्षेप राखि उक्त रकमबाट आउने मासिक व्याज श्री नं. २३ वाहिनीको निर्देशनमा पर्वतस्थित गुल्मका गुल्मपतिको रोहवरमा नाबालक छोरीहरुले पाउने व्यवस्थाकासाथै सानी छोरी १८ वर्ष पुगेपछि निजहरुको आवश्यकता हेरि उक्त निक्षेप रकम निकाल्न पाउने व्यवस्था गरिएको श्री

## कम्प्युटर ल्याब तथा ग्याँस गिजर उद्घाटन

भक्तपुर सल्लाघारीस्थित श्री वीरेन्द्र सैनिक आवासीय महाविद्यालयको जवान लाइन प्राङ्गणमा महाविद्यालयको आन्तरिक श्रोतबाट स्थापना गरिएको ईण्टरनेट सुविधासहितको कम्प्युटर कक्ष तथा जाडो महिनामा नुहाउन सुविधा पुग्ने अभिप्रायले अधिकृत, पदिक र अन्य दर्जाहरुको लाईनमा जडान गरिएको ग्याँस गिजरको सो महाविद्यालयका सम्पर्क अधिकृत प्रमुख सेनानी श्री रामशरण कार्कीबाट यही मङ्सिर १० गते उद्घाटन सम्पन्न भयो । यसअघि पनि महाविद्यालयमा महाविद्यालयको आन्तरिक श्रोतबाट सम्पूर्ण छात्रबासहरुमा छात्रहरुको सुविधार्थ ग्याँस गिजर जडान गरिएको थियो ।



## उपत्यका पृतनापतिबाट श्री सूर्यदल गणको निरीक्षण

यहि मङ्सिर ४ गते उपत्यका पृतनापति उपरथी श्री दमन बहादुर घलेले भक्तपुर जिल्लाको सूर्यविनायकस्थित श्री सूर्यदल गणको निरीक्षण गर्नु भएको छ । सोही क्रममा पृतनापति श्री घलेद्वारा क्वार्टर गार्ड सलामी ग्रहण गर्नु भई कोत, जवान लाईन, सूर्य मनोरञ्जन कक्षको निरीक्षण गरी



सकलदर्जालाई सम्बोधन गर्नु भएको थियो । सम्बोधनका क्रममा उहाँले वर्तमान परिप्रेक्ष्यमा नेपाली सेनाले निर्वाह गर्नु पर्ने भूमिकाका बारेमा प्रकाश पार्नु भएको थियो ।

यसैबीच उक्त गणका गणपति प्रमुख सेनानी श्री विनोद खड्काले गणको जिम्मेवारी क्षेत्र, पेरिमिटर सुरक्षा, अप्रेशनल वृफिङ्ग लगायत तालिम वर्ष २०६६ को अवसरमा उक्त गणमा सञ्चालन भएका र भविष्यमा सञ्चालन हुने थप पेशागत तालिमहरुको बारेमा प्रकाश पार्नु भएको थियो । सोही क्रममा उक्त गणमा तालिम वर्षको उपलक्ष्यमा सञ्चालन भएको भिड नियन्त्रण तालिमका प्रशिक्षार्थीहरुद्वारा प्रस्तुत गरिएको भिड नियन्त्रणको अभ्यासको पृतनापति श्री घलेले अवलोकन गर्नु भएको थियो । उक्त अवसरमा नं. २६ वाहिनीपति सहायक रथी श्री विजय मोक्तानको समेत उपस्थिति रहेको थियो ।

## सैनिक श्रीमती संघको निर्वाचन सम्पन्न

यही मङ्सिर २ गते सैनिक श्रीमती संघकी अध्यक्ष श्रीमती कमला गुरुङ्गको संयोजकत्वमा संघको नयाँ विधान बमोजिम मनोनयन तथा निर्वाचन प्रक्रिया अनुसार कार्य समितिमा नयाँ पदाधिकारीहरुको चयन गर्ने कार्य सम्पन्न भएको छ । उक्त दिन सम्पन्न निर्वाचनमा श्रीमती कुन्ता गुरुङ्ग सचिव,



श्रीमती नौसिका श्रेष्ठ सह-सचिव, श्रीमती गीता खड्का कोषाध्यक्ष तथा श्रीमती शशी घले सह-कोषाध्यक्षमा निर्वाचित हुनु भएको छ । यसैगरी सो संघका निर्वाचित सदस्यहरुमा श्रीमती अञ्जु बस्न्यात, श्रीमती ज्योति गुरुङ्ग, श्रीमती कञ्चन पाण्डे, श्रीमती अलिता गुरुङ्ग, श्रीमती शोभा खड्का र श्रीमती फूलमाया न्यौपाने हुनुहुन्छ ।

## प्रा.प्र.से.इ. श्री दिपक प्रसाद वास्तोला फ्रान्समा सम्मानित

श्री नं. ११ वाहिनीका प्रा.प्र.से.इ. श्री दिपक प्रसाद वास्तोला मित्र राष्ट्र फ्रान्सको Institute Aeronautic et Spatial मा १ अगष्ट २००८ देखि ३० अक्टोबर २००९ मा सञ्चालन भएको मास्टर डिग्रि ईन एरोस्पेस इन्जिनियरिङ्ग (Sepcialized in Aerospace Managemanagent) प्रोग्राममा १६ देशका ३७ जना विद्यार्थीहरुमध्ये एकेडेमीतर्फ द्वितीय र ओभर अलमा प्रथम हुन सफल हुनुभएको छ । साथै उहाँले "डिप्लोमा डि अनर" र ३०० युरो नगद पुरुस्कारसमेत प्राप्त गरी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको कीर्ति फैलाउनु भएको छ । साथै उहाँ वर्षेनी विश्वका ४० उत्कृष्ट इन्जिनियरहरुलाई प्रदान गर्ने Fellowship Aeronautics and Space Industry Award बाट पनि सम्मानित हुनुभएको छ ।



Institute Aeronautic et Spatial का म्यानेजिङ्ग डाईरेक्टर Michel Reynes द्वारा नेपाली सेनालाई लेखेको पत्रमा प्रा.प्र.से.इ. श्री वास्तोलाको उत्कृष्ट कार्य सम्पादन र उच्च मानवीय गुणको विशेष कदर गर्दै एरोनटिक्स क्षेत्रमा नेपालको महान राजदूतकोरुपमा समेत चित्रण गरिएको छ ।

वि.सं. २०४३ साल फागुन ३ गते अधिकृत क्याडेटबाट नेपाली सेनामा प्रवेश गर्नु भएका प्रा.प्र.से.इ. श्री वास्तोलाले हिन्दुस्तान इन्स्टिच्युट अफ एरोनटिकल इन्जिनियरिङ्ग टेक्नोलोजी मद्रासबाट स्नातक गर्नुका साथै उत्कृष्ट अङ्क ल्याएर डा. ए.पी.जे. अब्दुल कालम पुरस्कार पाउनसमेत सफल हुनु भएको थियो । उहाँले विभिन्न देशबाट एभियशन सम्बन्धी थुप्रै तालिम गर्नु भएको छ भने फिक्सड र रोटर दुबै विङ्गमा निपूण इन्जिनियर हुनुहुन्छ । साथै उहाँ MI-17 को फ्लाइट इन्जिनियरसमेत हुनुहुन्छ ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा । कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक । सम्पादन सहयोगी : प्रा.जम. विनोद अधिकारी । ले-आउट: प्रा.हु. धनप्रसाद भट्ट

## बार्षिकोत्सवमा आयोजना गरिएको अन्तर गुल्म प्रतियोगितामा विभिन्न इभेन्टमा विजय हुने गुल्म तथा जवानहरु

| | |
|---|---|
| समष्टिगतमा प्रथम हुने गुल्म | नं.३ फिल्ड गुल्म |
| अन्तरगुल्म प्रतियोगितामा प्रथम हुने गुल्म | नं.३ फिल्ड गुल्म |
| अन्तरगुल्म प्रतियोगितामा द्वितीय हुने गुल्म | नं.२ फिल्ड गुल्म |
| २ माईल दौड, ड्रिल र भलिवल | नं.३ फिल्ड गुल्म |
| अब्स्ट्रयाकल, बास्केटवल र ५ की.मी दौड | नं.१ फिल्ड गुल्म |
| फुटबल | नं.२ फिल्ड गुल्म |

२ माईल दौड प्रतियोगितामा २४५५४९ सि. उमेश खड्का प्रथम र २०४९७४ प्युठ बिजय महर्जन द्वितीय, ५ की.मी.दौड प्रतियोगितामा २०४९७४ प्युठ बिजय महर्जन प्रथम र २५२४७४सि.जितजंग कार्की द्वितीय, सटपुट प्रतियोगितामा २०३६४८ प्युठ रण बहादुर रेश्मी प्रथम र २००४४९ प्युठ चेत बहादुर माझी द्वितीय, १०० मिटर दौडमा २००४४९ प्युठ चेत बहादुर माझी प्रथम र २२७८९८ सि.टोल बहादुर खड्का द्वितीय।



बार्षिकोत्सवको अवसरमा आयोजित पाहुना खेल अन्तर्गत सियोधागो खेलमा सहभागी हुँदै सकलदर्जाका परिवारहरु।

## श्री कालीबक्स गण (इ) को गण गान

जय जय काली। जय जय काली। जय जय काली बक्स।
काली बक्स। काली बक्स। जय जय काली बक्स।
वीर योद्धा सैनिक हामी काली हाम्रो शक्ति
"हटि होईन डटी लड्छौं" यहि हाम्रो भक्ति।
शिरमा नेपाली जनता राखेर, मातृभूमि छातीमा
जनताको सेवामा छौं सधैं अहोरात्रीमा।
१८१९ मा काली बक्स उदायौं
वीरताको कहानी इतिहासमा लेखायौं।
युद्ध होस् या शान्ति खातिर कयौं भयौं बलिदान
गर्छौं हामी सधैंभरि श्रृजना र निर्माण।

# यस गणले गरेका मूख्य-मूख्य कार्यहरु

यसले वि.सं. १८२४ (ई.सं.१७६७)मा अग्रेज ईष्ट ईण्डिया कम्पनीको फौजलाई सिन्धुलीको निर्णायक युद्धमा पररास्त गरेको थियो। राष्ट्रिय एकिकरणको अभियानमा चौबीसे र बाईसे राज्यहरुमाथि आक्रमण गरी विजय हासिल गर्न सक्रिय भूमिका खेलेको थियो। वि.सं. १८७१-१८७२ (ई.सं.१८१४-१८१६)को नेपाल अग्रेज युद्धमा यसले पर्साको लडाईंमा अग्रेजहरुको सेनासित मुकाबिला गरी विजय प्राप्त गरेको थियो। वि.सं. १९०१ (ई.सं.१८४४) मा यो गण कम्पनीबाट पल्टनमा परिणत भएको देखिन्छ। वि.सं. १९११-१९१२ (ई.सं.१८५५-१८५६) को नेपाल तिब्बत युद्धमा यसले भाग लिई केरुङ्गको बाटो तिब्बती भू-भागहरु कब्जा गरेको थियो। वि.सं. १९१४-१९१५ (ई.सं.१८५७-१८५८) मा भारतीय विद्रोह नियन्त्रण गर्न अग्रेज सरकारको अनुरोधमा नेपालबाट पठाएको सेनामा यस गण पनि सम्मिलित थियो। वि.सं. १९७१-१९७५ (ई.सं.१९१४-१९१८)को प्रथम विश्वयुद्धमा अबोटाबादमा तैनाथ रहेको थियो। दोश्रो विश्वयुद्ध वि.सं. १९९६-२००२ (ई.सं.१९३९-१९४५)मा यस गण श्री श्रीनाथ पल्टनको अर्धाङ्ग बनि भारतमा शान्ति सुरक्षा कायम राख्ने काममा तैनाथ भएको थियो। वि.सं. २००५ (ई.सं. १९४८) मा भारत सरकारको अनुरोधमा नेपालबाट भारत खट्टिएका पल्टनहरुमा यसले श्री श्रीनाथ पल्टनको अर्धाङ्ग भई कार्य गरेको थियो। वि.सं. २००९ (ई.सं.१९५२)मा यो पल्टन नेपाली सेनाको पुनर्गठनको क्रममा खारेजमा परेको थियो। तर वि.सं. २०१० (ई.सं. १९५३) मा यो रिक्रुट ट्रेनिङ्ग सेन्टरको रुपमा कार्यरत रह्यो र २०२३ सालमा यसको नाम कालीबक्स भयो। वि.सं. २०३८ (ई.सं. १९८१) देखि यो कालीबक्स नामबाटै पदिक गण भएको थियो।वि.सं. २०४० (ई.सं. १९८३) मा यस गणका २ गुल्मले बुढानिलकण्ठ-टोखा बाटो निर्माण गरेको थियो। वि.सं. २०४१ (ई.सं. १९८४) देखि यो गण सोमदाङ्ग-त्रिशुली बाटो निर्माणमा समेत संलग्न रहेको थियो। राष्ट्रसंघीय शान्ति सेनाको रुपमा यस गण वि.सं. २०४५-२०४६ (ई.सं.१९८९) मा लेबनानमा कार्यरत रहेको थियो। वि.सं. २०४८ श्रावण १ गते पदिक गणबाट ईञ्जिनियर गणमा परिणत भई गौचर ब्यारेकमा तैनाथ भएको थियो। वि.सं. २०५४ साल श्रावण १० गते कटारी-ओखलढङ्गा सडक निर्माण कार्यमा खट्टिई गएको थियो। वि.सं. २०५८ साल श्रावण १७ गते कटारी-ओखलढङ्गा सडक निर्माण कार्य गरी गौचर ब्यारेक एयरपोर्टमा स्थानान्तरण भएको थियो। वि.सं. २०६२ साल जेठ ९ गते गौचर व्यारेक एयरपोर्टबाट मुभ भई धरानस्थित फुश्रे क्याम्पमा हालसम्म तैनाथ रहेको छ।

## हालसम्मका गणपतिहरु

| सि.नं. | दर्जा | नामथर | अवधी देखि | अवधी सम्म |
|---|---|---|---|---|
| | | श्री कालीबक्स गण (रिक्रुट ट्रेनिङ्ग सेन्टर) | | |
| १. | प्र.से | श्री महेश्वर शम्सेर ज.ब.रा. | २०११/७/४ | २०१३/१२/१६ |
| २ | प्र.से | श्री त्वम बहादुर कार्की | २०१३/१२/१६ | २०१४/११/२५ |
| ३. | प्र.सं. | श्री कटक बहादुर कार्की | २०१४/११/२५ | २०१५/६/१७ |
| ४ | प्र.से | श्री नर बहादुर थापा | २०१५/६/१७ | २०१७/६/२७ |
| ५. | प्र.से | श्री बिष्णु प्रसाद पाण्डे | २०१७/६/२७ | २०२०/९/२ |
| ६. | प्र.से | श्री नर वहादुर रायमाझी | २०२०/९/२ | २०२१/९/२ |
| ७. | प्र.सं. | श्री टंक वहादुर खत्री | २०२१/९/२ | २०२२/४/७ |
| ८. | प्र.सं. | श्री मोहन प्रताप शाह | २०२२/४/७ | २०२३/५/५ |
| ९. | प्र.से | श्री कनक शम्सेर ज.ब.रा. | २०२३/५/५ | २०२६/१२/३ |
| १०. | प्र.से | श्री प्रभु नरसिंह राणा | २०२६/१२/३ | २०३०/१२/३ |
| ११. | प्र.सं. | श्री मोहन सिंह महत | २०३०/१२/३ | २०३४/११/५ |
| १२. | प्र.सं. | श्री राजेन्द्र विक्रम राणा | २०३४/११/५ | २०३६/३/३ |
| १३. | प्र.से | श्री शिवराम खत्री | २०३६/३/३ | २०३९/५/९ |
| | | श्री कालीबक्स गण | | |
| १४. | प्र.सं. | श्री कुमार फुदोङ्ग | २०३९/५/९ | २०४५/११/११ |
| १५. | प्र.से | श्री अमर पन्त | २०४५/११/१२ | २०४७/९/१३ |
| १६. | प्र.से. | श्री लोक बहादुर था.म. | २०४७/९/१४ | २०४८/३/३० |
| | | श्री कालीबक्स गण (इन्जिनियर्स) | | |
| १७ | प्र.से | श्री लोक बहादुर था.म | २०४८/४/१ | २०४८/११/२० |
| १८. | प्र.से. | श्री मोहन कृष्ण गुरुङ्ग | २०४८/११/२१ | २०५१/१२/६ |
| १९. | प्र.से. | श्री लोक बहादुर था.म. | २०५१/१२/७ | २०५४/४/१० |
| २०. | प्र.से | श्री महेन्द्र जग शिवाकोटी | २०५४/४/११ | २०५६/२/१८ |
| २१ | प्र.से. | श्री शान्त प्रसाद दवाडी | २०५६/२/१९ | २०५८/३/१२ |
| २२. | प्र.से. | श्री धनिदास कार्की | २०५८/३/१३ | २०५९/९/८ |
| २३ | प्र.से | श्री बिश्वनाथ घिमिरे | २०५९/९/९ | २०६२/१/११ |
| २४. | प्र.से. | श्री जसवन्त शम्सेर ज.ब.रा. | २०६२/१/१२ | २०६३/७/२४ |
| २५. | प्र.से. | श्री ओम बिक्रम राणा | २०६३/७/२५ | २०६५/८/२८ |
| २६ | प्र.से | श्री बिनोद खरेल | २०६५/८/२९ | हालसम्म |

## हाल गणको दरबन्दिमा रहनु भएका अधिकृतहरु

| | |
|---|---|
| प्र.से. | श्री विनोद खरेल |
| सेनानी | श्री विष्णु बस्नेत |
| सेनानी | श्री दिव्यराज प्रसाई |
| सेनानी | श्री विजय के.सी. |
| सेनानी | श्री सुरेन्द्र देव बोगटी |
| सेनानी | श्री राजन बुढाथोकी |
| सेनानी | श्री पवनकुमार खड्का |
| सेनानी | श्री सन्तोष गुरुङ्ग |
| सह.से. | श्री निराकार पोखरेल |
| सह.से. | श्री विष्णु महत |
| सह.से. | श्री पदम कार्की |
| सह.से. | श्री विमल निरौला |
| सह.से. | श्री किरण थापा |
| उ.से. | श्री निरोज राज प्रधान |
| उ.से. | श्री प्रदिप रायमाझी |
| उ.से. | श्री निलेश खड्का |
| उ.से. | श्री योगेन्द्र ब. रोक्का |
| उ.से. | श्री वीरेन्द्र पुन |
| उ.से. | श्री आदेश सिंह |
| उ.से. | श्री उमेश कार्की |
| उ.से. | श्री तेज कुमार श्रेष्ठ |
| उ.से. | श्री कुसुम पहाडी |
| उ.से. | श्री प्रल्हाद के.सी. |
| स.से. | श्री मनोज देउजा |

## गणमा सञ्चालित विभिन्न ट्रेडशीप तालिमको झलकहरु



बृक्लियर तालिम



कारपेन्टर तालिम



वेल्डर तालिम

## हालसम्मका प्र.सु.हरु

१. प्र.सु. मकर बहादुर
२. प्र.सु. भैर बहादुर
३. प्र.सु. चन्द्र बहादुर कार्की
४. प्र.सु. यम बहादुर कटवाल
५. प्र.सु. तिलक बहादुर खत्री
६. प्र.सु. बल बहादुर वन
७. प्र.सु. केशर बहादुर खड्का
८. प्र.सु. ऋषिध्वज बिष्ट
९. मा.उ.से. बल बहादुर के.सी.
१०. मा.उ.से. सनमान श्रेष्ठ
११. मा.उ.से. अमर बहादुर श्रेष्ठ
१२. मा.उ.से. राजेन्द्र कुमार लिम्बू
१३. मा.उ.से. तुल बहादुर दङ्गाल
१४. मा.उ.से. कृष्ण प्रसाद ढुङ्गेल
१५. मा.उ.से. गिरी बहादुर कार्की

## हाल गणको दरबन्दिमा भएका पदिकहरु

| | |
|---|---|
| मा.उ.से. | गिरी बहादुर कार्की |
| मा.उ.से. | गोपाल अधिकारी |
| सु. | होम बहादुर थापा |
| सु. | अमृत अधिकारी |
| सु. | पर्शुराम खड्का |
| सु. | ईन्द्र बहादुर भट्ट |
| सु.क. | प्रमोद अधिकारी |
| जम. | टेकनाथ आचार्य |
| जम. | रुद्र बहादुर श्रेष्ठ |
| जम. | योवलाल श्रेष्ठ |
| जम. | नगेन्द्र प्रसाद चौधरी |
| जम. | हरि बहादुर श्रेष्ठ |
| जम. | राम प्रसाद पोखेल |
| जम. | डिल बहादुर रानाभाट |
| जम. | राजकुमार तामाङ्ग |
| जम. | सुदन श्रेष्ठ |
| जम. | कृत बहादुर दर्नाल |
| जम. | बीर बहादुर श्रेष्ठ |
| जम. | विमल अर्याल |
| जम. | रोशन खत्री |

# सकलदर्जाको सुविधाको लागि गणद्वारा गरिएका कार्यहरुः

गणका सकलदर्जाको मोराल उच्च राख्नकोलागि जवान मेश र बार सञ्चालनमा ल्याईएको छ। जवानहरुलाई विश्राम गर्नको लागि विश्रामस्थल (गोल घर)को निर्माण गरिएको छ। हरेक जवानहरुको बौद्धिक ज्ञान विकास गराउने उद्देश्यले पुस्तकालयको व्यवस्थापन गरी विभिन्न पुस्तक, पत्र पत्रिकाको साथै Computer class तथा language class लिने गरिएको छ। साथै Computer Lab को स्थापना गरी Cyber Cafe समेत सञ्चालनमा ल्याइएको छ। हरेक सकल दर्जाहरुले आफ्नो मासिक तलब शुलभ र सहज तरिकाले प्राप्त गर्नको लागि एस.बि.आई.बैंकमा ATM Card सहितको खाता खोलिएको छ।

गण हे.क्वा.तथा गणको सुरक्षा पोष्टहरुमा समेत सफा र शुद्ध खाना खाने व्यवस्थाको लागि भान्छामा बेनेमरी सेट तथा चम्चा प्लेट गिलासको साथै बस्नको लागि कुर्सिहरुको व्यवस्था गरिएको छ। गणले शान्ति सेना, प्रमोशन तथा तालिम जस्ता सुबिधा कार्यहरुमा अधिकृत, पदिक र सकलदर्जाहरुको बोर्ड बसी बोर्डको राय अनुसार जेष्ठताक्रमको आधारमा छनौट गर्ने गरिएको छ। जवानहरुको समस्या तथा राय सुझाव बुझ्नको लागि गणपतिद्वारा प्रत्येक व्यक्तिलाई Counselling गर्ने गरिएको छ। गणको सुरक्षा पोष्टहरु पनि १५/१५ दिनमा गणपतिद्वारा निरीक्षण गरी पोष्टका जवानहरुको समस्या तथा राय सुझाव बुझ्ने गरिएको छ। प्रत्येक हप्ताको आइतबार र शुक्रबार अधिकृत पदिक तथा अन्यदर्जाको Co-ordinating Board बसि गण तथा सकल दर्जाहरुको वृत्ति विकासको लागि छलफल गर्ने गरिएको छ। गणको आम्दानीबाट सकल दर्जालाई खेल ड्रेस, ट्रयाक सुट, ज्याकेट, जुत्ता मोजा तथा गणको लोगो अंकित पि-क्याप हालिएको छ। पदिक मेशको स्तरबवद्धि गरी काली पदिक बार सहितको सुविधायुक्त मेसको व्यवस्था गरिएको छ।




**हालै मानार्थ उप सेनानी दर्जा र प्रमुख सुवेदार दर्जामा पदोन्नति हुनुभएका गणका पदिकहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै गणपति ।**



इलाका प्रहरी कार्यालय हनुमान नगर सप्तरीका प्रहरी तथा स्थानीय जनताहरुलाई विगत द्वन्द्वको समयमा लगाइएको विष्फोटक पदार्थबाट हुन सक्ने खतराबाट बच्ने उपाय बारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्दै कालीबक्स गणबाट खटिएको टोली।

## गणले गरेका जनहित तथा उद्धार कार्यहरु

वि.सं. २०६५ साल भाद्र २ गतेको कोशी बाढीपिडीतहरुको उद्धारमा यस गण वि.सं. २०६५ भाद्र ५ गतेबाट कात्तिक ५ गतेसम्म खट्टी ९२१ जना र ३४,७७५ के.जी.सामान उद्धार गरी ४,००० के.जी.खाद्य तथा लत्ताकपडाहरु वितरण गर्नुकासाथै करीव १३,४०० जना मानिसहरुलाई वारपार गराएको थियो। वि.सं. २०६६ साल असोज १२ गते धरान- १९ भिक्टोरिया चोकस्थित Zion Prayer House मा भएको घटनामा क्रिश्चियन धर्मालम्वीहरुको उद्धार गरियो। वि.सं. २०६६ सालको सेना दिवसको अवसरमा नं.२ फि.ए.गुल्मसग समन्वय गरी धरान-१३ स्थित अमरहाट फुश्रेमा १९५ जनाको निशुल्क स्वास्थ्य परीक्षण गर्नुकासाथै औषधी वितरण गरिएको थियो। गत असोज ३ गते धरान-१३ फुश्रेचोकबाट सुर्यमार्ग र अमरपथ हुदै जिरो प्वाइण्ट सम्मको ईलाका र उक्त ईलाकामा र हेका सिद्धेश्वर महादेव तथा कृष्ण प्रणामी मन्दिर समेतको बृहत्रुपमा सरसफाई गरियो। वि.सं. २०६६ साल असोज ४ गते जिरो प्वाइण्टस्थित कृष्ण प्रणामी मन्दिरमा रहेका करिब १२० जना असक्त, असहाय तथा अनाथ बालबालिकाहरुलाई भोजन गराइयो। २०६६ सालमा फुश्रेदेखि तामाखाम सडक निर्माण कार्यमा स्थानीय जनतालाई सहयोग गरियो। गत असोज ७ गते "**राष्ट्रिय संरक्षण दिवस**" को उपलक्ष्यमा **सर्दु जलाधार संरक्षण क्षेत्र**मा स्थानीय जनताहरुसँग सहभागी भई वृहत वृक्षारोपण कार्यक्रम संचालन गरियो।

### कालीबक्स गणमा सेवा गरेका एकै घरका सदस्यहरु



बाबु भू.पु.अम भीम ब.दलामीं र
छोरा सि. कर्ण ब. दर्लामी



दाजु नाउ सुनिल कुमार ठाकुर
भाइ नाउ अनिल कुमार ठाकुर



दाजु भू.पु.जम.विष्णु प्रसाद आचाय
भाई.जम. टेकनाथ आचार्य



दाजु हु. यज्ञबहादुर थापा
भाई.अम. धनबहादुर थापा



दाजु सि. सुर्यकुमार श्रेष्ठ
भाई सि. रुद्रकुमार श्रेष्ठ



दाजु अम. डम्बर सिंह माझी
भाई प्युठ भीमबहादुर माझी

## साहस

**सि.सुर्य कुमार श्रेष्ठ**

नेपाली सिपाही हु म
वीरताको गाथा बोकेर हिडिरहनेछु
जस्तै दुःख आएतापनि पछि नहटी
खुकुरीको भरमा म लडिरहनेछु
घाम पानी खाएर हिंड्ने नेपाली सिपाही
लडाइ युद्धको मैदानमा आत्तिएर होईन
साहस आट लिएर अगाडि बढिरहेनछु।

## श्रद्धाञ्जली

**अम.नकुल अधिकारी**

लाखौं लाखौं फुलबारीको बीचमा
अनेकौं साथीहरुको मिलन
पूर्व मेची पश्चिम महाकाली
रक्षा गर्नु छ रातदिन
कर्तब्यनिष्ठ र बफादारीलाई
सधैं वीरताको उच्च शिखरमा राखी
लड्ने वीर देश भक्त साथीलाई
हार्दिक श्रद्धाञ्जली वीरको हृदयदेखि।

***द्वन्दको समयमा कर्तब्य पालनाको सिलसिलामा मिति २०६६/७/१० गते नवलपरासी जिल्लाको रमुवापुर ईलाकामा वीरगति प्राप्त गर्नुभएका यस गणका नं.४०७१ स.से.श्री आशिष बस्नेतमा अम.नकुल अधिकारीद्वारा रचित यस रचना समर्पित गरिएको छ।***

## सिपाही

**सि.कर्ज बहादुर राई**

अटल, अमर अनि अजर सधै गोर्खाली सिपाही
कठोर आदेश पालना गर्ने साहसी छ सिपाही
कमाण्डरको अगाडी सधै सतर्क भई
अनुशासित, पौरखी र बहादुर छ सिपाही
आफु जलेर अरुलाई उज्याल्याउने वत्ती हो सिपाही
मरेर आफु अरुलाई बचाउने वीर ईमान्दार सिपाही
बैरी माथि "हटी होईन डटी लड्ने" वीर योद्धा हो सिपाही
खुल्ला आकाश मुनि झरी बादल हुरी बतास ओडी लड्ने सिपाही
रणभूमिमा गोला बम बारुदसग छाती थापी लड्ने सिपाही
जहा अपाङ्ग र असक्तता त्यहा पनि सहयोगी सिपाही
जहा दैवी प्रकोप बाढी पीडित त्यहां पनि सहयोगी सिपाही
विकास निर्माण यातायात, पुल, सुरुङ्ग हर क्षेत्रमा सिपाही
कला,कलाकार अनि विभिन्न खेल क्षेत्रमा न त पछाडी सिपाही
ईन्टरनेशनल यनाईटेड मिसन त्यहा पनि बहादुरीको साथ सिपाही।

## नेपाल आमा

**सि. बालकृष्ण ढुङ्गेल**

नेपालको सिपाही हुं म वीरता हो धन
नेपाल आमा बचाउन, दिन्छु बलिदान
कर्मनिष्ठ सिपाही हुं म गर्छु साहस
वीरको सन्तान हुं गर्छु पौरख
नेपालको सिपाही ह म वीरताको धन।
नेपाल आमा बचाउन, दिन्छु बलिदान
नेपाल आमा रुन दिन्न, रहन्जेल सास
कहिल्यै पछि हट्ने छैन दुश्मनको माझ
नेपालको सिपाही हुं म वीरता हो धन
नेपाल आमा बचाउन, दिन्छु बलिदान
दुश्मनसग लड्ने आदेश पाए भन्ने छैन भोली
हार कहिल्यै खाने छैन लागे लागोस् गोली।

## युद्धको सिपाही

**सि.शम्भु बहादुर खत्री**

युद्धको सिपाही लडेर मर्दा सम्झेर नरुनु
सिउदोको सिन्दुर पियारी तिमी कहिले नधनु।
सिउदोमा सिन्दुर गलामा पोते लगाई बसे है
सम्झना आउदा निदमा आउछु सम्झेर हासे है।
एक थोपा रगत रहन्जेल देशको निमित्त लड्नेछौं
वीरगति प्राप्त योद्धाको सपना साकार पार्नेछौं।
शुभ कामना देउ अब हामी देशको रक्षकलाई
मुरीमुरी श्रद्धाञ्जली वीरगति प्राप्त योद्धालाई।
राष्ट्र निर्माणको खम्बा बनेर तराई पहाड धाउछौं
ज्यानकै बाजी लगाएर शान्ति सुरक्षा दिलाउछौं।
सिपाही तिमी जन्मभूमिको शान्तिको हौ फूल
राष्ट्र र जनतालाई हृदयमा राख, कहिले नभुल।

## देशलाई बिर्सन सकिदिन

**सि.दिपक अधिकारी**

अब विदेश नजाऔं हाम्रो, देश रुनेछ
हामी विदेशियौं भने देश एक्लो हुनेछ।
हिमाल, पहाड, तराईले आसु झार्नेछ
जननी र जन्म भूमिको श्राप लाग्नेछ।
हामीले दुःख पायौं भने कसले देख्नेछ
अब विदेश नजाऔं हाम्रो देश रुनेछ।
आउदैछन् बाढी, संकटका घडी, भावीले कोरेको
पाउदैन देशले अगाडि बढ्न उज्यालो गोरेटो।
जन्म भूमिको यो बन्धनलाई टुटाई टुट्दैन
हृदयभित्र रहेको चित्र फुटाई फुट्दैन।
सम्झना आउछ यो हाम्रो देश नेपाल रहन्जेल
बिर्सन हामी सक्दैनौ देश यो प्राण छउञ्जेल।






# नेपाल क्याभलरीको इतिहास


प्र.से. श्री उत्तम बोगटी सि.ओ.

नेपालमा अश्वसेनाको प्रयोग प्राचीनकालदेखिनै हुँदै आएको देखिन्छ । पाँचौ शताब्दीमै नेपालमा अश्वसेना थिएभन्ने कुरा चाँगु नारायणमा रहेको अभिलेखमा लेखिएको पाइन्छ । त्यस समयमा नेपालमा घोडाहरु तिब्बत तथा उत्तर पश्चिम भारतबाट आयात गरिन्थ्योभने सातौं शताब्दी पछि नेपालमा घोडाहरुको प्रयोजन खासै देखिएन । पछि चौधौं शताब्दीको प्रारम्भिक समयतिर नेपालमा तलेजु भवानी लिई कर्णाटकहरुको आगमनसँगै नेपाली सेनामा घोडचढी सैन्यको समावेश भएको देखिन्छ । साथै घोडेजात्रा गर्ने परम्परा नेपालमा मध्यकालदेखि नै प्रारम्भ भएको थियो । यसमा दौडाउने घोडा राजप्रसादमा राखिएको तलेजु भवानीको घोडा थियो । त्यस्तै १६ औं शताब्दीतिर पाल्पाली राजा मुकुन्द सेनले नेपाल आक्रमण गर्दा असंख्य घोडचढी सैन्य प्रयोग गरेको कुरा  पार्वती वंशावलीमा उल्लेख गरिएको छ । मध्यकालको अन्त्यतिर श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको नेपाल आक्रमणको इतिहासलाई केलाउँदा त्यस समय अश्वरोही सेनाको अभाव रहेको देखिन्छ भने पछि श्री ३ महाराज जंग बहादुर राणाको पालामा नेपालमा अश्वसेना खडा भएको थियो । जंग बहादुरले सन् १८४८ मा श्री ५ सुरेन्द्र वीर विक्रम शाहसँगै शिकारमा जाँदा ३०० अश्वसेना लगेका थिए । साथै सन् १८६७ मा भएको प्रथम भारतीय स्वतन्त्रता संग्राममा अंग्रेजहरुलाई मद्दत गर्ने उद्देश्यले जंग बहादुर राणाले कर्णेल पहलवान सिंह बस्नेतको नेतृत्वमा अश्वसेना भारतमा पठाएको कुराको विभिन्न ऐतिहासिक आधारबाट पुष्टि हुन्छ । यसैगरी तत्कालीन यस रिसल्ला पल्टनले वि.सं. १९११-१९१२ को नेपाल तिब्बत युद्धमासमेत बहादुरीताकासाथ लडेका थिए । त्यसबखत श्री ३ जंग बहादुर राणा प्रधानमन्त्री रहेका थिए ।

कर्णेल कमाण्डाण्ट


उपरथी श्री पवन जंग थापा

यसरी क्याभलरीको इतिहास हेर्दा यस पल्टन आधिकारिक रुपमा तत्कालीन श्री ५ महाराजाधिराज सुरेन्द्र वीर विक्रम शाहको राज्यकालमा वि.स. १९०६ साल मङ्सिर ७ गते घोडचढी सैनिकहरुको एक दल रिसल्ला भन्ने नामबाट खडाभई भूगोल पार्क (हाल नेपाल बैंक लिमिटेड) रहेको स्थानमा घोडा तबेलाको रुपमा स्थापित भएको थियो । तत्कालीन समयमा खासगरी तालिमे घोडाहरुलाई त्यस ठाउँमा राखिन्थ्यो र अन्य घोडाहरु बालाजुमा राखिन्थ्यो । तर जंग बहादुरको मृत्यु पछि श्री ३ महाराज रणोद्दीप सिंहको कार्यकालमा सो घोडाहरु कालिकास्थान नजिकै हालको बन्दोबस्ती कार्य गण रहेको ठाउँमा राख्ने गरिएको थियो भने २० औं शताब्दीको प्रारम्भिक समयतिर श्री ३ महाराज चन्द्र शम्शेरले सिंहदरवारको निर्माण गरेका थिए । यो राणा प्रधानमन्त्रीहरुको आवासस्थल हुनुकोसाथै तत्कालीन राज्य शासनको केन्द्रस्थल पनि रहेको थियो । यसैले सिंहदरबारको ठिक अगाडी हाल ट्राफिक प्रहरी प्रधान कार्यालय रहेको हाताभित्र कालिकास्थानबाट रिसल्ला पल्टनलाई स्थानान्तरण गरिएको थियो । त्यसैले अझै पनि उक्त स्थानलाई बग्गीखाना भन्ने चलन रहि आएको छ । त्यसपछि श्री ३ जुद्ध शम्शेरको पालामा हाल यस क्याभलरी रहेको स्थानमा रिसल्ला पल्टनलाई सारिएको थियो । वि.सं. २००९ सालमा नेपाली सेनाको पुनर्गठन भएपश्चात् रिसल्ला अश्वल खाना र रिसल्ला कालीगढ म्युल माउन्टेन व्याट्री र ए.टी. छुट्टिई श्री किंग्स हाउस होल्ड क्याभलरी नामाकरण भएको थियो । त्यसपछि यो पल्टन वि.सं २०४७ साल बैशाख १ गतेबाट तत्कालीन श्री शाही रक्षक वाहिनी अन्तर्गत रहँदै आएकोमा परिवर्तित परिस्थितिअनुरुप वि.सं. २०६४ साल असोज १८ गतेबाट प्रधान सेनापतिको कार्यालय अन्तर्गत रहन गएको थियो । यसैगरी वि.सं. २०६५ साल जेठ २३ गते श्री किंग्स हाउस होल्ड क्याभलरीको नाम परिवर्तन भई नेपाल क्याभलरी रहन गएको छ । वि.सं. २०६५ साल असार १८ गतेबाट यस क्याभलरीले श्री कार्यरथीको कार्यालय अन्तर्गत रही आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आइरहेको छ ।

## १६० औं वार्षिकोत्सव सम्पन्न

सिंहदरवारस्थित श्री नेपाल क्याभलरीले यही मङ्सिर ७ गते कार्यरथी उपरथी श्री नेपाल भुषण चन्दको प्रमुख आतिथ्यमा आफ्नो स्थापनाको १६० औं बार्षिकोत्सव विविध कार्यक्रमको आयोजना गरि भव्यताकासाथ मनाएको छ ।

प्रमुख अतिथि श्री चन्दले बार्षिकोत्सवको अवसरमा आयोजना गरिएको अन्तर ट्रुप्स प्रतियोगितामा प्रथम हुने हे.क्वा. ट्रुप्सलाई रनिङ्ग शिल्ड तथा द्वितीय हुने बि ट्रुप्सलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।


कार्यरथी उपरथी श्री नेपाल भूषण चन्द वार्षिकोत्सवको अवसरमा आयोजित अन्तर ट्रुप्स प्रतियोगितामा प्रथम हुने हे.क्वा. ट्रुप्सलाई रनिङ्ग शिल्ड प्रदान गर्नुहुँदै ।




वार्षिकोत्सवको अवसरमा सोही दिन विहान सि.ओ. प्रमुख सेनानी श्री उत्तम बोगटीले क्वाटर गार्डमा विधिवत पूजाअर्चना गर्नुभई झण्डोत्तोलन गर्नुभएको थियोभने दिउँसो आयोजित एक कार्यक्रममा सर्वोत्कृष्ट वर्ष जवान घोषित सिपाही रामकृष्ण अ.क्षे. लाई पुरस्कृत गर्नु भयो । साथै उहाँले क्याभलरीको दरवन्दीमा रिक्त रहेको पदहरुमा पदोन्नति भएका पदिक तथा विल्लादारहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नु भएको थियो ।

बार्षिकोत्सवकै अवसरमा यस क्याभलरीले अश्वकला प्रदर्शन, शो जम्प, साइकल दौड, पाहुना खेल अन्तर्गत म्युजिकल चियर आदि मनोरञ्जनात्मक खेलकुदको आयोजना गरि विजयी खेलाडीहरुलाई पुरस्कृत गरिएको थियोभने क्याभलरीमा रहेका सकलदर्जालाई समावेश गरी भाग्यशाली चिट्ठाको व्यवस्था गरिएको थियो । यसैगरी सोही दिन दिउँसो सकलदर्जाका परिवारजनसमेतलाई आमन्त्रण गरि बडाभोज तथा साँझ विविध मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

## निशानको इतिहास


तत्कालीन राजा श्री ५ वीरेन्द्र वीर विक्रम शाहबाट निशान ग्रहण गर्दै तत्कालीन सेनानी श्री शुदर्शन ब. खड्का ।

तत्कालीन श्री ५ महाराजाधिराज सुरेन्द्र वीर विक्रम शाहको राज्यकालमा वि.सं. १९०६ मा घोडचढी सैनिकहरुलाई एकदल रिसल्ला भन्ने नामबाट स्थापना भई न्युरोडको जुद्ध सडक, बालाजु, पिपा गोश्वराहुँदै वि.सं. २००९ सालमा सिंहदरबारमा एकत्रित भएको यस पल्टनले सोही वर्ष तत्कालीन शाही नेपाली सेनाको पुनर्गठन भएपछि श्री किंग्स हाउस होल्ड क्याभलरी नामाकरण भएको थियो । साथै वि.सं. २०४७ साल बैशाख १ गतेबाट यस श्री किंग्स हाउस होल्ड क्याभलरी तत्कालीन श्री शाही रक्षक वाहिनी अन्तर्गत रही आफ्नो जिम्मेवारी पूरा गर्दै आएको थियो । यसैक्रममा यस क्याभलरीले वि.सं. २०४८ साल फागुण ८ गते स्व. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट निशान प्राप्त गरेको थियो । उक्त निशानलाई हाल काठमाण्डौंको हनुमानढोकास्थित सदर मुलकोतमा राखी पूजाआजा गरिदै आएको छ ।



यस क्याभलरीको निशान बडा दशैंको नवमीको दिन र चैते दशैंको अष्टमीको दिन बग्गीमा विराजमान गराई न्याउली बाजा, ढोल, तमर, खुकुरी गार्ड ४ जना, हतियार गार्ड २ जना तथा भएसम्म अ.नि.र प.नि.लाई पदिक कमाण्डमा ल्याउने गरिएको छ पूजा समाप्त भएपश्चात् पुनः सोही बमोजिम पुऱ्याउने गरिँदै आएको छ ।




वार्षिकोत्सवको अवसरमा सामूहिक तस्वीर खिचाउँदै क्याभलरीका सकलदर्जा ।


विहानको राइडिङ्ग परेडमा सामेलहुँदै क्याभलरीका घोडचढी सैनिकहरु ।

# नेपाल क्याभलरीको हालसम्मका सि.ओ.हरु


प्र.से. श्री लाल बहादुर खड्का वि.सं. २०२०।१।६ गतेदेखि वि.सं.२०२४।९।९ गतेसम्म


प्र.से. श्री खेमराज शम्शेर ज.ब.रा. वि.सं.२०२४।९।९ गतेदेखि वि.सं.२०२८।१।२१ गतेसम्म


प्र.से. श्री पुरेन्द्र विक्रम राणा वि.सं.२०२८।१।२१ गतेदेखि वि.सं.२०३६।९।१४ गतेसम्म


प्र.से. श्री लालित्य शम्शेर ज.ब.रा. वि.सं.२०३६।९।१४ गतेदेखि वि.सं.२०४२।४।९ गतेसम्म


प्र.से. श्री गोपाल सिंह बोहरा वि.सं.२०४२।४।९ गतेदेखि वि.सं.२०४५।५।६ गतेसम्म


प्र.से. श्री मोहन चेम्जोङ्ग वि.सं.२०४५।५।६ गतेदेखि वि.सं.२०४७।२।१५ गतेसम्म


प्र.से. श्री पवन जंग थापा वि.सं.२०४७।२।१५ देखि वि.सं.२०५०।१।२१ गतेसम्म


प्र.से. श्री तोरण जंग बहादुर सिंह वि.सं.२०५०।१।२१ गतेदेखि वि.सं.२०५२।६।२५ गतेसम्म


प्र.से. श्री देवेन्द्र बहादुर शाह वि.सं.२०५२।६।२५ गतेदेखि वि.सं.२०५५।२।२८ गतेसम्म


प्र.से. श्री हिक्मत बहादुर चन्द वि.सं.२०५५।२।२८ गतेदेखि वि.सं.२०५८।३।१३ गतेसम्म


प्र.से. श्री गोविन्द बहादुर बस्नेत वि.सं.२०५८।३।१३ गतेदेखि वि.सं.२०६०।३।१७ गतेसम्म


प्र.से. श्री शुदर्शन बहादुर खड्का वि.सं.२०६०।३।१७ गतेदेखि वि.सं.२०६३।४।४ गतेसम्म


प्र.से. श्री बालचन्द्र रानाभाट वि.सं.२०६३।४।४ गतेदेखि वि.सं.२०६६।५।१० गतेसम्म


प्र.से. श्री उत्तम बोगटी वि.सं.२०६६।५।१० गतेदेखिहालसम्म

## क्याभलरीमा कार्यरत अधिकृतहरु

१) प्र.से. श्री उत्तम बोगटी
२) प्रा.सह.से. श्री कृष्ण बहादुर अ.क्षे.
३) सह.से. श्री अभिषेक कार्की
४) सह.से. श्री रविन थापा
५) सह.से. श्री विक्रमदेव थापा
६) प्रा.उ.से. श्री डिल्ली नारायण श्रेष्ठ
७) उ.से. श्री उमेश पुरी
८) उ.से. श्री लक्ष्मी कटवाल

## क्याभलरीमा कार्यरत पदिकहरु

१) प्र.सु. शम्भु बहादुर भट्टराई
२) प्रा.सु. लिला बहादुर भण्डारी
३) प्रा.सु. राजेन्द्र बहादुर बानियाँ
४) प्रा.सु. हरिशरण आचार्य
५) प्रा.सु. टंक प्रसाद घिमिरे
६) ले.सु.क. मधुसुदन विष्ट
७) सु. काजी विक्रम पण्डित
८) ले.जम.क. श्यामकृष्ण धुख्वा
९) जम. राजु खत्री
१०) जम. गोविन्द खड्का
११) जम. खद बहादुर कार्की
१२) जम. ध्रुव प्रसाद अर्याल
१३) जम. जगदिश घिसिङ्ग
१४) जम. सुनिल के.सी.

## क्याभलरीका प्यारेन्ट युनिट भएका अधिकृतहरु

१) उ.से. श्री लाल बहादुर खड्का
२) उ.से. श्री बच्चु बस्नेत
३) उ.से. श्री मदन बहादुर बस्नेत
४) स.से. श्री कृष्ण बहादुर खड्का
५) प्रा.सह.से. श्री राजमान डंगोल
६) प्रा.सह.से. श्री खड्ग बहादुर थापा
७) प्रा.सह.से. श्री हिरण्य बहादुर कार्की
८) स.से. श्री कान्ती राज लामा
९) स.से. श्री किरण के.सी.
१०) प्रा.सह.से. श्री चन्द्र प्रसाद कंडेल
११) प्रा.उ.से. श्री राम बहादुर खत्री
१२) प्रा.सह.से. श्री जगत बहादुर भट्टराई
१३) प्रा.सह.से. श्री कृष्ण बहादुर अ.क्षे.
१४) प्रा.उ.से. श्री डिल्ली नारायण श्रेष्ठ

## श्री नेपाल क्याभलरीमा सरुवा भई आएका अधिकृतहरु

१) सेनानी श्री कृति शम्शेर ज.ब.रा
२) सेनानी श्री दान बहादुर कार्की
३) प्र.से. श्री सुर्दशन बहादुर खड्का
४) प्र.से. श्री अर्जुन सापकोटा
५) अ.प्रा.उ.र. श्री नर बहादुर बुढाथोकी
६) सेनानी श्री प्रकाश पोखरेल
७) अ.प्रा. सेनानी श्री प्रकाश के.सी.
८) अ.प्रा.सेनानी श्री सुबोध सिं पाल
९) स्व.अ.प्रा.सेनानी श्री मोहन ब. खत्री
१०) सेनानी श्री उत्तम बोगटी
११) सेनानी उत्तम थापा
१२) सेनानी श्री सुधिर गोदार थापा
१३) सह.से. श्री मुकाहाङ्ग याकथुम्बा
१४) सेनानी श्री महेश कुमार थापा
१५) उ.से. श्री उत्तम कटवाल
१६) सेनानी श्री प्रज्वल्ल रायमाझी
१७) सह.से. श्री रवि के.सी.
१८) सह.से. श्री रविन थापा
१९) सह.से. श्री विक्रमदेव थापा
२०) स्व.उ.से.सुश्री सुजिता गुरुङ्ग
२१) उ.से. श्री उमेश पुरी
२२) उ.से. सुश्री लक्ष्मी कटवाल

## नेपाल क्याभलरी सञ्चालन हुने गरेका घोडचढी सम्बन्धी तालिमहरु

-कोच एण्ड ड्राईभिङ्ग तालिम
-घोडचढी आधार तालिम
-घोडचढी एडभान्स तालिम
-नालबन्दी आधार तालिम
-नयाँ घोडा शिक्षक तालिम
-नयाँ घोडा तालिम
-ग्रुमिङ्ग एण्ड स्टेबल म्यानेजमेन्ट तालिम
-अधिकृत घोडचढी आधार तालिम
*(२०६६ पुस १ बाट सञ्चालन हुने)*

## सकलदर्जाको सुविधाको लागि क्याभलरीमा भएका विभिन्न कार्यहरुः

१. पारदर्शी, सुलभ तथा सहुलितयपूर्ण दरमा खुद्रा तथा चमेना क्यान्टिनको सञ्चालन ।
२. दुरसञ्चारको सुलभ दरमा लोकल तथा एस.टी.डी टेलिफोनको सञ्चालन ।
३. क्याभलरीमा सञ्चालन हुने विभिन्न तालिममा उत्कृष्ट नतिजा हासिल गर्ने सकलदर्जाकोलागि प्रोत्साहनस्वरुप उचित पुरस्कारको व्यवस्था ।
४. घोडचढी, ड्यूटी, अनुशासन तथा विविध क्रियाकलापमा हौसलाको आधारमा उत्कृष्ट जवान छनौट गरी पुरस्कृत गर्ने व्यवस्था ।
५. अन्तर ट्रुप्स प्रतियोगिताको सञ्चालन तथा विविध खेलकुद गतिविधि सञ्चालनगरि विजयी हुने ट्रुप्स तथा खेलाडीहरुलाई पुरस्कारको व्यवस्था ।
६. जवानहरुको बृत्ति-विकासकोलागि दैनिक पत्रपत्रिका तथा अन्य पुस्तकहरु पढ्नको लागि पुस्तकालयको व्यवस्था ।
७. क्याभलरीमा रहेका सकलदर्जाको मनोरञ्जनको लागि केवल नेटवर्क सुविधा भएको मनोरञ्जन हलको व्यवस्था ।
८. सकलदर्जाको सुविधाको लागि पाहुना कोठासहितको परिवार आवास सुविधाको व्यवस्था गरिएको ।
९. क्याभलरीको आन्तरिक स्रोतबाट प्रत्येक जवानलाई ब्लाङ्केट तथा टी-सर्ट खरिद गरी वितरण गरिएको ।
१०. प्रत्येक जवानलाई स्टिल थाल १, खाना तातो राख्नको लागि विनमेरी सेट १ तथा स्वच्छ पानी पिउनको लागी युरो गार्ड १ खरिद गरी प्रयोगमा ल्याइएको ।

## *विगत द्वन्द्वको समयमा ........*

वीरगति प्राप्त


नं. ११४९४७ सु.क. नवराज कार्की
वतनः ललितपुर, धापाखेल ९
वीरगति प्राप्त मितिः वि.सं. २०६२ साल माघ २० गते

वीरगति प्राप्त


नं.१४६०६४ प्युठ वृद्धि ब. क्षेत्री
वतनः बाग्लुङ्ग, अर्जेवा- ३
वीरगति प्राप्त मितिः वि.सं. २०५९ साल असोज २० गते

घाइते भई आँखा गुमाएका


नं. १४३१६८ जम. राजु खत्री
वतनः काठमाण्डौ,, सेतीदेवी-२
घटना विवरणः २०६१ साल चैत १६ गते, सवुज गण शा.से. दोस्रो डफ्फामा सरिकभई शान्ति सेना जानेक्रममा पाँचखालबाट सैनिक कारवाहीमा खट्टिदा ।

## घोडचढी सम्बन्धी विदेशमा तालिम पूरा गर्नुभई हाल क्याभलरीमा कार्यरत अधिकृत, पदिक तथा अन्यदर्जाहरु

| | नाम थर | तालिम | देश | |
|---|---|---|---|---|
| १. | प्र.से. श्री उत्तम बोगटी | इक्युटेशन | पाकिस्तान | |
| २. | प्रा.सह.से. श्री कृष्ण बहादुर अ.क्षे. | इक्युटेशन | भारत | |
| ३. | सह.से. श्री रविन थापा | इक्युटेशन | भारत | |
| ४. | प्रा.उ.से. श्री डिल्ली नारायण श्रेष्ठ | फेरियर वेशिक | भारत | |
| ५. | प्र.सु. शम्भुबहादुर भट्टराई | भेटेनरी कोर्ष | भारत | |
| ६. | प्रा.सु. लिलाबहादुर भण्डारी | इक्युटेशन | भारत | |
| ७. | प्रा.सु. राजेन्द्र बानियाँ | इक्युटेशन | भारत | |
| ८. | जम. गोविन्द खड्का | इक्युटेशन | भारत | |
| ९. | जम. जगदिश घिसिङ्ग | इक्युटेशन | भारत | |
| १०. | सह.से. श्री विक्रमदेव थापा | इक्युटेशन | भारत | हाल तालिमरत |
| ११. | हुद्दा लालबहादुर कुँवर | इक्युटेशन | भारत | हाल तालिमरत |

## नेपाल क्याभलरीका हालसम्मका प्र.सु.हरु

मा.उ.से. ईन्द्रप्रसाद अधिकारी
प्र.सु. नरबहादुर बस्नेत
प्र.सु. देवीप्रसाद उपाध्याय
प्र.सु. मीनबहादुर खत्री
मा.उ.से. कृष्णहरि बस्नेत
मा.उ.से. इन्द्रबहादुर दाहाल



प्र.सु. शम्भु ब. भट्टराई
(हाल कार्यरत)

नेपाल क्याभलरी १६० औं बार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न प्रतियोगिताको नतिजा

**अन्तर ट्रुप्स प्रतियोगिता तर्फः**

भलिबल - हे.क्वा. ट्रुप्स
हर्ष तानडोरी - हे.क्वा. ट्रुप्स
हर्ष बल- हे.क्वा. ट्रुप्स
रिलेस्याग रेस- हे.क्वा. ट्रुप्स
फुटवल - ए ट्रुप्स
म्युजिकल राईडमा- ए ट्रुप्स
शो जम्पमा - वि. ट्रुप्स
समष्टिगतमा ट्रुप्स च्याम्पियनशिप- हे.क्वा. ट्रुप्स

**खुल्ला प्रतिष्पर्धातर्फः**

शो-जम्प (पुरानो घोडाबाट): जम. जगदिश घिसिङ्ग प्रथम
शो-जम्प (नयां घोडाबाट) : अम. लोक ब. सुनार प्रथम
टेबल टेनिस (सिंगलमा) : सह-से. श्री रविन थापा प्रथम
टेबल टेनिस (डबलमा) : सह-से. श्री विक्रमदेव थापा र सयस राजेश धनके श्रेष्ठ प्रथम

**भाग्यशाली चिठ्ठामाः** जम. जगदिश घिसिङ्ग प्रथम



क्रस कन्ट्रि अभ्यास गर्दै क्याभलरीका घोडचढी सैनिकहरु ।

## घोडा सम्बन्धी जानकारी



परापूर्वकालमा जंगल तथा खुल्ला घाँसे मैदानमा मात्र सिमित रहेको घोडालाई मानिसले हाल घरपालुवा जनावरकोरुपमा अपनाई विभिन्न कार्यहरुमा प्रयोग गर्दै आइरहेका छन् । घोडाले पनि आफूलाई एक आर्दशमुखी तथा अनुशासित घरपालुवा जनावरको रुपमा प्रमाणितगरि मानवीय सेवामा समर्पित हुँदै आइरहेको छ । घोडा एक शक्तिशाली जनावर हो यो एक घण्टा बराबर ३० मील प्रति घण्टाको गतिले दौडन सक्दछ र यसको वजन हाफ टन जति हुन्छ । जनावरमध्ये सबैभन्दा ठुलो आँखा घोडाको हुन्छ तर यो कलर ब्लाइन्ड हुन्छ । एक स्वस्थ्य घोडाले जहिले पनि ३ वटा पयर टेकी आराम गर्दछ । तर मानिस भै सुत्ने घोडाको बानी हुँदैन यद्यपि थकान मेटाउन केही समय विताउने गर्दछ । घोडाले आफूसँग धेरै हेलमेल भएको र माया गर्ने मानिसलाई सजिलै चिन्दछ । घोडाले एक दिनमा औसत ३७ लिटर पानी पिउँदछ भने यसलाई दैनिक ४ पटकसम्म दाना खुवाइन्छ । हाल यस क्याभलरीमा विभिन्न ब्रिड तथा जातका गरी जम्मा १०० वटा घोडाघोडी रहेका छन् । पहिले पहिले विदेशबाट घोडा आयात गर्ने गरिएकतापनि हाल भरतपुरमा अवस्थित श्री सैनिक स्टर्ड फर्म सेन्टरबाट घोडाहरु उत्पादन गरिदै आइरहेको छ ।

## श्री नेपाल क्याभलरीले विभिन्न प्रयोजनमा सम्पादन गर्दै आएको मुख्य मुख्य कार्यहरु

(क) यस क्याभलरीले आफ्नो आन्तरिक सुरक्षाबाहेक असामान्य परिस्थितिमा समेत माथिल्लो निकायको निर्देशन बम्मोजिम विभिन्न सुरक्षा सम्बन्धी कार्यहरु गर्दै आइरहेको छ ।

(ख समयसमयमा हुने राष्ट्र प्रमुख तथा विभिन्न राष्ट्राध्यक्षको सवारीमा घोडचढी रिसल्ला तथा बग्गीद्वारा सवारी चलाउने गरिएको छ ।

(ग) परापूर्वककालदेखि मनाउँदै आइरहको काठमाण्डौ उपत्यकावासीको साँस्कृतिक पर्व घोडेजात्रा समारोहलाई निरन्तरता दिँदै प्रत्येक वर्ष यस क्याभलरीले विभिन्न आकर्षक अश्वकला कार्यक्रमहरु प्रस्तुत गर्दै आइरहेको छ ।

(घ) नेपालको लागि देश विदेशबाट खट्टिएर आउने राजदूतहरुले राष्ट्र प्रमुखसमक्ष आफ्नो ओहदाको प्रमाण पत्र पेश गर्ने समारोहमा समेत घोडचढी रिसल्ला तथा पैदल रिसल्ला खटाउने गरिएको छ ।

(ङ) नेपाली सेनामा बहालवाला अधिकृत सहायक सेनानीदेखि माथिसम्म तथा भूतपूर्व अधिकृतको हकमा महा सेनानीदेखि माथिसम्मलाई सहुलियतस्वरुप विभिन्न कार्य प्रयोजन जस्तै शुभ विवाह, व्रतबन्ध तथा अन्न प्रासन आदिका लागि सिमित राजश्व लिई बग्गी प्रदान गर्दै आइरहेको छ ।

(च) शिवरात्री, फूलपाती बढाइँ, क्याडेट पास आउट तथा नयाँ बर्षको उपलक्ष्यमा नेपाली सेनाले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा आवश्यकता अनुसार घोडचढी तथा पैदल लान्सर खटाउँदै आइरहेको छ ।

(छ) बुद्ध जयन्ती, श्री कृष्ण जन्माष्टमी तथा विभिन्न धार्मिक कार्यक्रममासमेत कार्यक्रम आयोजक समितिको अनुरोधअनुरुप बग्गी खटाउँदै आइरहेको छ ।

## नेपाल क्याभलरीमा रहेका घोडाको जातहरु



**यस क्याभलरीमा रहेका घोडालाई मुख्य ३ जातमा बर्गीकरण गरिएको छ ।**

**(क) हेभी ब्रिडः-** यस जातिका घोडाले सामान ओसार पसार र बग्गी तान्ने काम गर्दछन् । यिनीहरुको शरीर ठूलो आकारको हुन्छ । हाल क्याभलरीमा २१ वटा हेभी ब्रिडका घोडाहरु रहेकाछन् ।




**(ख) लाइट ब्रिडः-** यस्ता घोडा मझौला आकारका हुन्छन् । यिनीहरुलाई विशेष गरी राईडिङ्गको लागी प्रयोग गरिन्छ । यिनीहरुबाट विभिन्न खेलकासाथै दौड (रेस) मा सहभागी गर्ने गरिन्छ । हाल क्याभलरीमा ६६ वटा लाईट ब्रिड घोडाहरु रहेका छन् ।



**(ग) पोनी ब्रिडः-** यस्तो घोडा सानो आकारको हुन्छ । यिनीहरुको मुख्य काम उकालो ओरालोमा सामान ओसार पसार गर्ने र पहाडी भू-भागमा मानिसहरुले यातायातका रुपमा प्रयोग गर्ने गरिन्छ । विशेषगरि यी घोडाहरुका बच्चाहरुलाई राईडिङ्ग गराउने गरिन्छ । हाल क्याभलरमा २३ वटा पोनी ब्रिडका घोडाहरु रहेका छन् ।



अश्वकला अन्तर्गतको हर्ष पोलोको एक दृश्य ।



बार्षिकोत्सवको अवसरमा आयोजित अन्तर ट्रुप्स हर्ष तानडोरी प्रतिष्पर्धा ।


# फोटो फिचर



वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि कार्यरथी उपरथी श्री नेपाल भूषण चन्द क्वार्टर गार्ड निरीक्षणका क्रममा ।




क्याभलरीको ईष्टदेव रेवन्त महाराज मन्दिर।



वार्षिकोत्सवको अवसरमा आयोजित बडाभोजमा आमन्त्रित सकलदर्जाका परिवारजनहरु ।

## सर्वोत्कृष्ट वर्ष जवान




तनहुँ जिल्ला, मिर्लुङ्ग गाउँ विकास समिति वडा नं. ८ तीनघरे घरठेगाना भई यस क्याभलरीमा कार्यरत नं २११८०४ सिपाही रामकृष्ण अ.क्षे. लाई सर्वोत्कृष्ट वर्ष जवान घोषित गरि वार्षिकोत्सवको दिन सि.ओ. प्रमुख सेनानी श्री उत्तम वोगटीद्वारा पुरस्कृत गरियो । वि.सं. २०४३ साल जेठ २ गते जन्मनुभएका उहाँले २०६१ साल भदौ २० गतेबाट सैनिक सेवामा प्रवेश गर्नुभएको हो । उहाँले सैनिकतर्फ घोडचढी आधार तालिम, घोडचढी एड्भान्स र प्लम्बर चौथो ग्रेड तालिम पूरा गर्नुभएको छ । निजामतितर्फ १० कक्षा उत्तीर्ण गर्नुभएको उहाँले आर्मीतर्फ थर्ड क्लास पास गर्नुभएको छ ।



प्रमुख अतिथि कार्यरथी उपरथी श्री नेपालभुषण चन्द वार्षिकोत्सवको अवसरमा आयोजित म्युजिकल राईडमा द्वितीय हुनुभएका सि.ओ. प्र.से. श्री उत्तम बोगटीलाई पुरस्कृत गर्नुहुँदै ।



ट्रटिङ्ग परेड



गत वर्ष सम्पन्न घोडेजात्रा समारोहमा शो जम्प प्रदर्शन गरिदैं ।



हालसालै क्याभलरीमा प्रहरी जवानसमेत सहभागी गराई सञ्चालन गरिएको नालवन्दी आधार तालिमको अन्तिम प्रवचन पश्चात् शिक्षार्थीहरुसँग क्याभलरीका अधिकृत, पदिक तथा अन्यदर्जा ।

## क्याभलरीको आन्तरिक स्रोतबाट खरिद तथा निर्माण गरिएका सामानहरु



टेवुल टेनिस बोर्ड



ब्लाङ्केट



थाल



बीनमेरी



पुस्तकालय




युरोगार्ड






क्यामेरा



टि सर्ट



कम्प्युटर

## नेपाल क्याभलरीमा रहेका केही महत्वपूर्ण बग्गीहरु




### झण्डावाल:

क्याभलरीमा रहेको अभिलेख अनुसार यो बग्गी श्री ३ जङ्ग बहादुर राणाको पालामा वि.सं. १९०५ सालमा कलकत्ताबाट ल्याइएको हो । जसअनुसार यो वग्गी १६१ वर्ष पुरानो मानिन्छ । राणाकालमा मुख्य जर्नेलले चढ्ने गरेको यो बग्गी ज्यादै भारी भएकोले तान्न सक्ने घोडाको कमिले गर्दा कहिलेकाहीँ मात्र छोटो दुरीमा प्रयोग गर्ने गरिएको छ । निर्माण कम्पनी: **DKES & CO. CALCUTTA.**

### नं.१ स्टेट कोच र नं. २ स्टेट कोच:



क्याभलरीमा रहेको अभिलेख अनुसार यो बग्गी श्री ३ चन्द्र शम्शेरको पालामा वि.सं. १९८० सालमा कलकत्ताबाट ल्याइएको हो । जसअनुरुप यो वग्गी ८६ वर्ष पुरानो मानिन्छ । यो बग्गी तत्कालीन श्री ५ महाराजाधिराज सरकारको सवारीमा प्रयोग गर्ने गरिएको थियो ।
निर्माण कम्पनी- **STEAURT & CO. CALCUTTA.**



राष्ट्रिय सेवादलका छात्र/छात्राहरुलाई घोडचढी सम्बन्धी आधारभूत ज्ञान दिलाउँदै क्याभलरीका जवानहरु ।